म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ३२ आइतबार, १५ भदौ २०८२ ने. सं. ११४५ जलाथ्व 31 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा 'बीएण्डबी फ्रेश हब' संचालनमा

हेटौंडा, १४ भदौ/हेटौंडा-४ कान्तिराजपथमा 'बीएण्डबी फ्रेस हब' सञ्चालनमा आएको छ । नेकपा एमाले बागमती प्रदेशका प्रमुखसचेतक एकालाल श्रेष्ठले शनिबार उद्घाटन गरेका हुन् । आठ वर्ष विभिन्न देशमा रोजगारी गरेर स्वदेश फर्किएका हेटौंडा-८ का विवेक पाण्डेले करिब १२ लाख रुपैयाँ लागतमा फ्रेस हब सञ्चालनमा ल्याएका हुन् । यहाँ ताजा फलफूल, फ्रेश जुस, मट्का टी, बबल टी, कफीलगायत परिकार उपलब्ध छन् । शान्त वातावरणमा रहेको यो हब कान्तिराजपथस्थित पूर्ण शाक्यको अगाडि छ । उद्घाटन समारोहमा प्रमुखअतिथि श्रेष्ठले स्वदेशमै लगानी गर्ने युवालाई प्रेरणा मिल्ने खालका व्यवसायले स्थानीय अर्थतन्त्रमा टेवा पुग्ने बताए । उनले भने, 'विदेशमा सिकेको अनुभवलाई मातृभूमिमा प्रयोग गर्नु प्रशंसनीय कार्य हो । स्वदेशमै यस्ता व्यवसाय सुरु गरेर रोजगार सिर्जना गर्नु अहिलेको आवश्यकता हो ।' संचालक पाण्डेका अनुसार विदेशमा सिकेको अनुभवलाई आफ्नै सहरमा प्रयोग गर्ने उद्देश्यले यो व्यवसाय सुरु गरिएको हो । हेटौंडावासीलाई स्वास्थ्यप्रद पेय तथा फलफूलको विकल्प उपलब्ध गराउँदै स्थानीय युवालाई रोजगारीसमेत सिर्जना गर्ने लक्ष्य रहेको उनले बताए ।

### थाहानगरका १ र ३ नं. बालमैत्री वडा घोषित

# घोषणासँगै कार्यान्वयनलाई पनि प्राथकिमता दिइनेछ: नगरप्रमुख विष्ट

मनिल महतो

हेटौंडा, १४ भदौ/उत्तरी मकवानपुरको पर्यटकीय नगरीको रुपमा चिनिने थाहा नगरका २ वटा वडालाई बालमैत्री वडा घोषणा गरिएको छ ।

पालिकाको १ र ३ नं. वडालाई नगरप्रमुख विष्णुबहादुर विष्टले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेका हुन् । स्थानीय तहमा बालअधिकार सुनिश्चित गर्न बालमैत्री वडा घोषणा गरिएको हो । सरकारले कार्यान्वयनमा ल्याएको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७९ ले तय गरेको ५१ सूचकमध्ये अधिकांश र थप दुईवटा सूचक पूरा गरेसँगै वडालाई असार २९ गते जिल्ला समन्वय समितिले बालमैत्री वडा प्रमाणिकरण गरेकोमा असार ३२ गते नगर कार्यपालिकाले बालमैत्री वडा घोषणा गर्ने निर्णय गरेको थियो । तोकिएको सूचकमध्ये ८० प्रतिशत बढी अंक हासिल गर्ने वडालाई बालमैत्री वडा घोषणा गर्न सकिने निर्देशिकामा उल्लेख छ ।




बालमैत्री घोषणा गर्दै नगरप्रमुख विष्टले नेपालले अन्तर राष्ट्रिय सन्धी महासन्धीमा उल्लेख भएका र नेपालको प्रचलित कानूनबमोजिम बालबालिकाको क्षेत्रमा काम गर्ने धारणा व्यक्त गरे । नगरप्रमुख विष्टले नेपालले राखेको दिगो विकासका लक्ष हासिलका लागि तोकिएको अवधि सन् २०३० सम्म पालिकालाई नै बालमैत्री घोषणा गरी यसको निरन्तरताको कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरे । प्रमुख विष्टले नगरको अरु १० वटा वडालाई पनि क्रमश: तोकिएको सूचकहरु पूरा गरी घोषणाको प्रक्रियामा जाने प्रतिवद्धता जनाए । विष्टले भने-'घोषणासँगै कार्यान्वयनको चरणलाई प्राथकिमतामा राखिनेछ ।'

थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले नेपाल सरकारले जारी गरेको निर्देशिका बमोजिम ८० प्रतिशत बढी सूचकमा सफलता पाएपछि घोषणा संभव भएको बताए । उनले बाँकी वडा घोषणाका लागि सबैको सर्वपक्षीय सहयोग भए सहज हुने धारणा राखे । कार्यक्रममा नेपाली काँग्रेसका थाहानगर सभापति प्रमोदकृष्ण जोशीले नगरपालिकाको दुईवटा वडा बालमैत्री हुनु बाल बालिकाको क्षेत्रका लागि महत्वपूर्ण भएको उल्लेख गरे । नेकपा एमालेका थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधानले अरु १० वटा वडालाई बालमैत्री घोषणाका लागि आफ्नो क्षेत्रबाट हुने सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

थाहा नगरस्तरीय बालक्लब सञ्जालकी सदस्य अनुष्का तामाङको सभाध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्रकुमार रायमाझीले वडाको मात्र नभई वडामा रहेका बालक्लबदेखि विभिन्न संघसंस्थाहरु र सरोकारवलाको सहयोगकै कारण बालमैत्री वडा घोषणा गर्न सकिएको बताए । कार्यक्रममा वडा नम्बर १ का कार्यबहाक वडाध्यक्ष सरोज प्रधानले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तय गरेका सूचकमध्ये अधिकांश सूचक पूरा गरेर बालमैत्री वडा घोषणा गरिएको बताए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविनबाबु अर्याल, पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर जोनसन विश्वकर्मा, कुन्छाल फाँट टोलविकास समितिका अध्यक्ष नीराजन गोपाली, सशस्त्र प्रहरी बल नेपाल अस्थाई मनसुन प्रतिकार्य बेश कुन्छालका प्रमुख कृष्णनन्दन यादव, शिखर बचत तथा ऋण सहकारी संस्था शिखरकोट बजार व्यवस्थापन समितिका अध्यक्ष मनोज रायमाझी, नयाँबस्ती आधारभूत स्वास्थ्य केन्द्रका प्रमुख सिसम विडारी, कुन्छाल बचत तथा ऋण सहकारी संस्था लि.का सुविन्द्र गोपाली, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु तथा जनप्रतिनिधि लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा थाहा खैजडी भजन समूह किटेनीका महिलाले बालअधिकारमा आधारित भजन गाएका थिए । घोषणासभा अघि वडा नम्बर १ को सुनौला माविदेखि र्‍याली गरिएको थियो । बालबालिकाको र्‍याली शिखरकोट हुँदै गोपाली गाउँबाट पालुङ जेसीज सभाहलमा घोषणासभामा परिणत भएको थियो । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७९ ले तय गरेको ५१ वटा सूचकमा गर्भवती महिला, नवजातशिशुको स्वास्थ्य जाँच, टीटी विरुद्धको खोप, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको, ६ महिनासम्म अनिवार्य स्तनपान, ५ वर्षसम्मका बालबालिकालाई भिटामिन ए क्याप्सुल खाएको हुनुपर्ने व्यवस्था छ ।

त्यसैगरी एक वर्षभित्रका बालबालिकालाई पूर्णखोप, सबै घर परिवारमा आयोडिनयुक्त नुन, कमतौल, पुड्को र ख्याउटेपन हुने बालबालिकाको संख्यामा कमी हुनुपर्ने, सबै घरधुरीमा खानेपानी, शौचालय, अनिवार्य जन्मदर्ता, बालविवाह मुक्त क्षेत्र भएको हुनुपर्ने व्यवस्था छ । बालबालिकाविरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहारमा कमी आएको हुनुपर्ने निर्देशिकामा व्यवस्था छ ।

छाउपडी, कमलरीजस्ता सामाजिक कुप्रथाको अन्त्य, सबै बालबालिका विद्यालय गएको हुनुपर्ने, सडक बालबालिका शून्य, बाल सञ्जाल गठन, प्रत्येक विद्यालयमा खानेपानीको सुविधासहित छात्रछात्राका लागि अलगअलग शौचालयको व्यवस्था भएको हुनुपर्ने, विद्यालय व्यवस्थापन र स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब सञ्जालको प्रतिनिधित्व भएको हुनुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ ।

### बागमतीमा इडिएलएस र भिआरएस सेवा सुरु

# लाइसेन्स सेवामा देखिने ढिलासुस्ती अन्त्य हुने

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ बागमती प्रदेश सरकारले इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स सिस्टम (इडिएलएस) र भेइकल रेजिष्ट्रेसन सिस्टम (भिआरएस) सञ्चालनमा ल्याएको छ ।

प्रदेश सरकारले यातायात व्यवस्थापनलाई आधुनिक, पारदर्शी र डिजिटल बनाउन यो प्रणाली सुरु गरेको हो । अब सवारीचालक अनुमतिपत्र (लाइसेन्स) अनलाइन मार्फत् आवेदन दिन, परीक्षण नतिजा हेर्न र प्रिन्टिङ प्रक्रियासम्म सहज हुने श्रम, रोजगार तथा यातायात मन्त्रालयले जनाएको छ । यसले लाइसेन्स सेवामा देखिने ढिलासुस्ती र अनियमितता नियन्त्रण हुने मन्त्री जयराम थापाले बताए ।

उनका अनुसार यो प्रणाली लागू भएपछि सवारी साधन दर्ता, नवीकरण तथा अन्य कागजी प्रक्रियामा देखिने झन्झट अन्त्य भई सबै विवरण डिजिटलीकरण हुनेछन् । यसले प्रदेशका नागरिकलाई घरमै बस्दै सेवा लिन सजिलो हुने र सरकारी कार्यालयमा भीड कम गर्ने अपेक्षा गरिएको मन्त्री थापाले बताए । सेवाग्राहीले मोवाइल वा कम्प्युटर



मार्फत आफ्नो लाइसेन्स तथा सवारी साधन दर्ता विवरण सजिलै हेर्नसक्ने व्यवस्था मिलाइएको छ ।

सिस्टम लागू भएसँगै बागमती प्रदेश 'डिजिटल यातायात सेवा' को नयाँ युगमा प्रवेश गरेको मन्त्री थापाले दाबी गरे । नागरिकमैत्री सेवाप्रवाहसँगै सुशासन र पारदर्शिता कायम गर्न यो महत्वपूर्ण कदम हुने उनको भनाई छ । साथै, बागमती प्रदेश सरकारले इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स सिस्टम र भेइकल रेजिष्ट्रेसन सिस्टम सञ्चालनमा ल्याइएसँगै लाइसेन्स र बिलबुक नागरिक एपमै हेर्न मिल्ने भएको छ । सेवा बिस्तारसँगै सवारीधनीले सवारीचालक अनुमतिपत्र (लाइसेन्स) र सवारीधनी दर्ता किताब (बिलबुक) सधैँ साथमै बोक्नुपर्ने झन्झट हट्नेछ ।

नवीकरणको निवेदन पनि अनलाइनमार्फत् गर्न सकिने भएकाले सेवाग्राहीले घरमै बसेर मोवाइल वा कम्पुटरमा प्रदेश सरकारको एप्स डाउनलोड गरेर सेवा लिन सक्नेछन् । सेवाग्राहीको समयको बचत र जरिवानाबाट मुक्त हुनुका साथै यातायात कार्यालयमा हुने भिड कम हुनेछ र नागरिकले घरमै बसेर कार्यालयले सेवा लिन सजिलो हुने मन्त्रालयले जनाएको छ ।

# आन्तरिक सुशासन नहुँदा कांग्रेसभित्र विकर्षण बढ्यो: सहमहामन्त्री डीना

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डीना'ले कांग्रेसभित्रको सुशासन राम्रो नहुँदा विकर्षण बढेको बताएकी छन् ।

'हाम्रै कार्यकर्ताले आफ्नै नेताहरुलाई गाली गर्ने प्रवृत्तिलाई थप बल पुगेको छ,' उनले भनिन्, 'आन्तरिक विषयवस्तुलाई बचाएर लैजानुपर्ने अवस्था छ ।' कांग्रेस पाल्पाले शनिबार तानसेनमा राखेको कार्यकर्ता भेटमा उनले पार्टीकै नेता, कार्यकर्ताले यस्ता विषयलाई बचाएर लैजानुपर्नेमा जोड दिइन् । 'पार्टी भित्रको विकर्षण जनताले होइन, पार्टीकै नेताले जन्माएको हो,' उनले भनिन्, 'जनता आजसम्म कांग्रेसको विरुद्धमा बोलेको देखेको सुनेको छैन ।'ससाना विषयवस्तुलाई कांग्रेसले मतलब नगर्दा पनि थप समस्या आएको बताउँदै वडा, पालिका, जिल्ला, प्रदेश, संघमा जनताले पाएको दु:खका विषयवस्तुलाई कांग्रेसका नेता, कार्यकर्ताले सहजीकरण गरेर अघि बढ्न उनले आग्रह गरिन् ।




'पार्टीको विकर्षणमा अन्य पार्टीको भन्दा पनि आफ्नै भित्रको समस्या हो,' उनले भनिन्, 'महत्वपूर्ण साथीहरुले पार्टी छाडेको देखिए पनि ती साथीहरु जाँदा पार्टी नै सकियो भन्दै नकारात्मक विषयलाई नउचाल्दा नै राम्रो हुन्छ ।' उनले पार्टीभित्र न्याय नपाएर पार्टी नै छाडेर जानेहरुको गुनासो सुन्नुपर्नेमा नसुनेकाले अहिले समस्या आएको बताइन् । आम पार्टीका कार्यकर्ताले अन्याय भयो भन्नेहरुको संख्या बढेको बताउँदै त्यसको अभिलेखीकरण गर्दै सबैलाई न्याय दिने वातावरण बनाउनुपर्नेमा सहमहामन्त्री उपाध्यायको भनाइ छ ।

विकर्षण घटाउने उपाय पार्टीका हरेक तहबाट खोजी हुनुपर्ने पर्ने बताउँदै पार्टीको नीतिले मुलुकको परिवर्तन गर्ने अठोट र प्रतिबद्धता लिनुपर्ने बेला अहिले नै भएको उनले बताइन् । सहमहामन्त्री उपाध्यायले तानसेनमा पार्टी कार्यकर्तासँगको भेटमा मुलुकको परिवर्तनको बाटो कांग्रेसका नेता तथा कार्यकर्ताले नै तय गर्नुपर्नेमा जोड दिइन् । जनताको विश्वास कांग्रेसप्रति अहिले पनि र हेको तर, पार्टीभित्रैबाट गलत प्रचार हुँदा समस्या निम्तिएकाले सच्चिएर अघि बढ्नुको विकल्प नभएको उनको भनाइ छ ।

कांग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, सचिव सन्तोष थापा मगर, सुनिता अधिकारी, कोषाध्यक्ष मोहनप्रसाद श्रेष्ठ, पूर्वसचिव माधव नेपाललगायतले पार्टीमा आकर्षण गराउने नीति तथा कार्यक्रम ल्याउन आग्रह गर्दै सुशासन, पारदर्शीता र जवाफदेहिताका लागि खेल्नुपर्ने भूमिकाका विषयमा सुझाव दिएका थिए ।



साझाकुरा

## हाम्रो कुरा

# विद्यार्थीसँगै शिक्षक परिमार्जन

पछिल्ला दिनमा हाम्रा विद्यार्थीलाई डिजिटल दुनियाँले आकर्षित गरि रहेको छ । स्क्रिनमैत्री बन्दै गएका बालबालिकालाई कालोपाटीमा चक डस्टर घोटेर अध्यापन गराउने कार्य चुनौतीपूर्ण बन्दै गएको छ । शिक्षक अपडेट हुन नसक्दा बालबालिकाले मनपराउन छाडेका छन् । प्रबिधिमा पटक्कै दिलचस्पी नभएका शिक्षकलाई विद्यार्थीले रुचाउँदैनन् । अबका दिनमा हाम्रा कक्षाकोठामा कालोपाटीको बिकल्पमा प्रबिधि जडान गर्दै लैजान सकिएन भने विद्यार्थीमाथि अन्याय हुनेछ । यसका लागि शिक्षकले मात्र केही गर्न सक्दैनन् । पूर्वाधार बनाउने काम तीनै तहका सरकारको हो । शिक्षकले आफूलाई अपडेट गर्ने पर्छ । नत्र भने विद्यालयले बिदा गर्ने अवस्था आउन सक्छ । नेपाल शिक्षक संघ बागमती प्रदेश समितिले प्रदेश सरकारलाई ९ बुँदे सुझावपत्र पेश गर्दै शिक्षामा लगानी बढाउन माग गरेको छ । संघको प्रदेश समितिले शुक्रबार हेटौंडामा आयोजना गरेको समसामयिक शैक्षिक अन्तरक्रियामा प्रदेश समितिले मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ र सामाजिक विकास मन्त्री कन्चनचन्द्र बादेलाई सुझावपत्र पेश गरेका हुन् ।

संविधानले परिकल्पना गरेको अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी अवधारणा तथा कानूनी व्यवस्था बमोजिम प्रदेश सरकारले विनियोजन गर्ने बजेटमा शिक्षामा कम्तिमा २० प्रतिशत बजेट विनियोजन गर्न संघले सुझाव दिएको छ । विद्यालय नर्स कार्यक्रम प्रदेशका सबै विद्यालयमा विस्तार गरी स्कुल बस सहयोग कार्यक्रम थप प्रभावकारी हुने गरी विस्तार गर्नुपर्ने संघले बताएको छ । दिवाखाजा कार्यक्रमको लागि संघीय सरकारबाट विनियोजन बजेट न्युन भएकोले प्रदेश सरकारबाट पनि थप बजेट विनियोजन गर्नुपर्ने अवस्था छ । शिक्षकको तहगत बढुवामा ठूलो समस्या छ । २० वर्षदेखि एक तह पनि बढुवा हुन नसकेका शिक्षकको मनोवल बढाउनका लागि सरकार संबेदनशील बन्नै पर्छ । एउटा शिक्षक्ले उच्चमनोबलका साथ कक्षाकोठामा प्रबेश गर्ने वातावरण बनेको छ भने पक्कै पनि त्यहाँ अध्यापन राम्रो हुनेछ । शिक्षक तालिम, पेशागत विकास आदिमा निष्पक्षता, प्रभावकारिता र पारदर्शिता कायम गर्नुका साथै शिक्षकको पेशागत विकाससम्बन्धी तालिम सबै जिल्लाबाट प्रदान गर्नुका साथै सिकाई अनुभव आदानप्रदान भ्रमणहरुको प्रबन्ध गर्नुपर्ने सुझावपत्र उल्लेख गरिएको छ । कमजोर पूर्वाधार भएका विद्यालयमा भौतिक पूर्वाधार विकासको कार्य कार्यान्वयनमा एकरुपता कायम गर्दै प्रत्येक विद्यालयमा निशुल्क ब्रोडब्यान्ड इन्टरनेट, इलाइब्रेरीका लागि यथेष्ट बजेट विनियोजन गर्नुपर्ने उल्लेख गरिएको छ । सबै स्थानीय तहको शिक्षासम्बन्धी कानून, ऐन, नियम र कार्यविधिमा एकरुपता कायम हुने गरी प्रदेशबाट समन्वय तथा नेतृत्व गर्ने तथा प्रदेशस्तरीय नीति, योजना, कानून निर्माणमा प्रदेशका शिक्षकका पेशागत तथा ट्रेड युनियन संस्था, अभिभावकलगायत सरोकारवालाको अनिवार्य सहभागिता गराउन पनि संघले सुझाव दिएको छ ।

भौगोलिक विकटताका कारणले शिक्षाको पहुँचबाट टाढा रहेका विद्यार्थीलाई गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउन प्रदेशभित्र कम्तिमा एक स्थानीय तह एक नमूना आवासीय विद्यालयको अवधारणा अगाडि बढाउनुपर्ने उल्लेख गरिएको छ । प्रदेश सरकारबाट विनियोजित कार्यक्रमहरु आवश्यकतामा आधारित भई वितरण गर्नुपर्नेमा समेत जोड दिएको छ । सामुदायिक विद्यालयप्रतिको विश्वास अभिबृद्धि गर्न विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने, अनुत्तीर्ण हुने कम गर्नका लागि पढ्दै कमाउने प्रकृतिका सिकाइ अवसर तयार गरी 'बालबालिका विद्यालय पठाऔं, सिकाऔं, टिकाऔं र बिकाऔं' भन्ने अवधारणालाई अभियानकारुपमा सञ्चालन गर्नुपर्नेमा जोड दिइएको छ । संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकारको अभ्यास विद्यालय व्यवस्थापनमा असफल बन्दै गएको जनआवाज आइरहेको सन्दर्भमा विद्यालय शिक्षा संयुक्त अधिकारमा राख्न प्रदेशको तर्फबाट पहलकदमी लिन पनि संघले सुझाव दिएको छ । बिगतका दिनमा जस्तै सुझावपत्र हातमा लिएर दराजमा थन्क्याउने काम नहोस् ।

# किन बल्झिरहन्छ लिपुलेक, कालापानीको घाउ ?



✍ प्रकाश ज्वाला

एकपटक फेरि हाम्रै छिमेकीहरूबाट नेपालको राष्ट्रिय सार्वभौमिकतामाथि धावा बोलिएको छ । नेपालको जानकारी, सहमति र संलग्नता विना लिपुलेक नाकालाई भारत र चीनले व्यापारिक प्रयोजनका लागि खोल्ने सहमति गरेर एकतर्फी सौदाबाजी गरेका छन् । चिनियाँ विदेशमन्त्री वाङ यीको भारत भ्रमणका क्रममा १९-२० अगस्ट २०२५ मा सम्पन्न विशेष प्रतिनिधि वार्तामा लिपुलेक पास मार्फत व्यापार पुनः शुरु गर्ने भारत र चीनबीच सम्झौता गरेपछि यो विषय फेरि एकपटक बल्झिएको छ ।

यो सहमति अन्तर्राष्ट्रिय सन्धि-सम्झौता, कानून, पञ्चशीलको सिद्धान्त विपरीत छ । यो मिचाहा र हैकमवादी प्रवृत्ति भएन र ? भारतले तत्कालै नेपालको दावीलाई 'एकपक्षीय कृत्रिम भौगोलिक दावी भएकोले अस्वीकार्य छ' भनी गरेको खण्डन अझै गम्भीर छ । यसमा हाम्रो गम्भीर आपत्ति छ । 'नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र भू-अधिकारलाई उपेक्षा गरेर गरिएको निर्णय हामीलाई अस्वीकार्य छ ।

सहमतिबारे परराष्ट्र मन्त्रालयले 'नेपालको संविधानमा नेपालको आधिकारिक नक्शा समावेश भइसकेको र उक्त नक्शामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ' भनी प्रेस नोट जारी गरेको छ । 'नेपालले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको र उक्त क्षेत्र नेपाली भूभाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकेको छ । 'नेपाल-भारत बीच रही आएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावना अनुसार ऐतिहासिक सन्धि-सम्झौता, तथ्य, नक्शा र प्रमाणको आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहेको' बताइएको छ ।

परराष्ट्रको प्रेस नोट बाहेक नेपाल सरकारले यस विषयमा आफ्नो औपचारिक धारणा राखिसकेको छैन । यति संवेदनशील विषयमा सरकार किन मौन छ ? परराष्ट्रले एउटा विज्ञप्ति फ्याकेर औपचारिकता पूरा गर्ने मात्र होइन, नेपाललाई कुनै जानकारी नदिएर लिपुलेक नाका व्यापारिक प्रयोजनमा प्रयोग गर्ने भारत र चीन बीचको सहमतिको विषयमा मन्त्रिपरिषद्रुबाट निर्णय गरेर सरकारको आधिकारिक धारणा सार्वजनिक गरिनुपर्दछ । र, पछिल्लो अवस्था र सरकारले लिपुलेकको समस्या समाधान गर्न गरेका पहलकदमी बारे प्रधानमन्त्रीले तत्काल संसद्मा जानकारी गराउनुपर्दछ ।

सरकार यति दिनसम्म चुप लाग्नुको रहस्य के छ ? प्रधानमन्त्रीको भारत भ्रमण बिथोलिन्छ भन्ने भयले प्रधानमन्त्रीलाई सताएको हो कि ? प्रधानमन्त्रीसँग आँट छ, साँच्चिकै राष्ट्रवाद र देशभक्ति छ भने यो विषय समाधान नभएसम्मको लागि भारत र चीन भ्रमण स्थगित गर्न सक्नुपर्दछ । १३ महिनासम्म भारत भ्रमण नगरे पनि चलेकै छ । लिपुलेककै विषयमा २०७२ मा कूटनीतिक नोट पठाउँदा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको तय भइसकेको भारत भ्रमण स्थगित भएको थियो । अनेकौं विन्तीभाउ गरेर भारतको निगाहमा प्राप्त भ्रमणको अवसर प्रधानमन्त्रीले पक्कै छोड्नुहुन्न । यदि भ्रमण रोक्न सक्नुहुन्न भने दुवै सरकार प्रमुखसँग लिपुलेक पासको विषयलाई नै प्रमुख मुद्दा बनाएर समाधानको पहल गर्नुहोस् । नत्र तपाईंको 'नक्कली राष्ट्रवाद'को मुखुण्डो उत्रिनेछ । यतिबेला प्रधानमन्त्री र सिंगो नेपाल अग्निपरीक्षामा छ ।

नेपाली भूमिमा 'इन्क्रोचमेन्ट' गर्ने गरी यस्ता सहमति हुँदासम्म पनि हाम्रो दिल्लीस्थित राजदूतावास, परराष्ट्र मन्त्रालय, अनुसन्धान र सुरक्षा निकायहरू कसैलाई पनि जानकारी नहुनु वा अनदेखा गर्नु अर्को गम्भीर विषय हो । कहाँ निदाएका थिए देशको नुन-पानी खाएका हाम्रा संयन्त्र र कर्मचारीहरू ? त्यही दिल्लीमा भारत र चीनबीच यति ठूलो विषयमा सम्झौता हुँदा दूतावास वेखबर छ । यसबाट स्पष्ट हुन्छ कि कमजोरी हामीमै छ । यो दुनियाँमा बलियाकै राज हुन्छ, चितवनको जंगलमा ुवे हात्तीको रजाइँ चल्छ, नेपालको सत्तामा दुई बलियाले रजगज गरिरहेका छन् । अमेरिका, बेलायत जस्ता बलियाको आडमा बलियो इजरायलले प्यालेस्टाइनी जनता र इरानमा नरसंहार गर्छ । यतिबेला हाम्रा बलिया छिमेकीहरूले नेपाली भूमिमा आँखा लगाएका छन् ।

यस्तो संवेदनशील विषयमा राष्ट्रिय सहमति बन्नुपर्दछ । जसरी हामीले लिपुलेक, लिम्पियाधुरा, कालापानी समेटिएको नेपालको चुच्चे नक्शा संसद्बाट सर्वसम्मतिले पास गरेर संविधानमा समेटेका थियौं । यो सवालमा सरकारले तत्काल सर्वदलीय बैठक बोलाएर भारत चीनबीचको सहमतिको संयुक्त रूपमा विरोध गर्दै समस्या समाधानका लागि दुवै देशको ध्यानाकर्षण गराउनुपर्दछ । व्यक्ति र दलभन्दा माथि हाम्रो राष्ट्र र राष्ट्रियता हुन्छ, त्यसैले हाम्रो राष्ट्रिय स्वाधीनतामा आघात पर्ने विषयमा एकताबद्ध हुनुपर्दछ र लिपुलेकको विषयमा पनि मिलेर प्रतिकार गर्नुपर्दछ ।

यो सहमति नेपालको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डतामाथि ठाडो हस्तक्षेप र प्रहार भएकोले राष्ट्रिय हितको पक्षमा तत्काल कूटनीतिक र राजनीतिक पहल जरूरी छ । सम्भव भएसम्म कूटनीतिक पहलबाट समस्या समाधान गरौं । वार्ताबाट समाधान भएन भने संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय अदालत (इन्टर नेशनल कोर्ट अफ जस्टिस)सम्म पनि पुग्नुपर्दछ । प्रधानमन्त्री ओलीको दुवै देशको भ्रमण तय भएका बेला चीन-भारतले लिपुलेक पासबाट व्यापार नाका खोल्ने सहमति गरेपछि नेपाल कूटनीतिक चेपुवामा परेको छ । दुवै देशले नेपाललाई 'वाइपास' गरेर, नेपालको सहमति विना नेपाली भूमि अनधिकृत रूपमा प्रयोग गर्ने सम्झौता गरेका छन् । यस सन्दर्भमा ओलीलाई फकाउन वा दबाबका लागि पनि भारत बोलाइएको हुन सक्छ । ओली-मोदी भेटमा नेपाल-भारत सीमा समस्याको विषयले प्राथमिकता पाउने सम्भावना देखिँदैन । प्रधानमन्त्रीको भारत भ्रमणका एजेण्डामा सन् १९५० को सन्धि पुनरावलोकन, सीमा विवाद जस्ता महत्वपूर्ण विषयहरूका साथै अहिलेको जल्दोबल्दो लिपुलेक विषय पनि समेटिएको छैन ।

नेपाली भूमि 'लिपुलेक सम्झौता'बारे नेपाल सरकारले भारत र चीनलाई 'कूटनीतिक नोट' पठाए पनि यसलाई गोप्य राखिएको छ । त्यो पनि स्पष्ट भाषामा छैन । शायद प्रधानमन्त्रीको भ्रमणमा बाधा पर्ने डरले एकदमै नरम र 'काइते' भाषामा कूटनीतिक नोट पठाइएको छ । भारतलाई 'स्थापित मान्यताको आधारमा सीमा विवाद समाधान गर्नुपर्ने' र चीनलाई 'यसअघि नै लिपुलेक नेपालको भएको' उल्लेख गरेर अलगअलग भाषामा कूटनीतिक नोट पठाइएको छ । 'यसअघि सन् २०१५ मा चीन-भारतले लिपुलेक पासबाट व्यापार नाका खोल्ने सहमति गर्दा नेपाल सरकारले पहिलो पटक चीन र भारत दुवैलाई कूटनीतिक नोट पठाएको थियो । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले भारत र चीनसँग यस विषयमा कुरा गर्नुभएको थियो । कूटनीतिक नोट पठाउने विषय खासै ठूलो होइन, यो कुनै प्रोटेष्ट (विरोध) होइन तर अन्तर्राष्ट्रिय फोरममा आफ्ना आवाज बुलन्द र आफ्ना प्रमाणहरू सुरक्षित गर्न कूटनीतिक नोट जरूरी छ ।

सन् २०१५ को सम्झौतामा लिपुलेक भन्ने उल्लेख नभएर पहिलाको परम्परागत मानसरोवर जाने बाटोलाई निरन्तरता दिने भन्ने थियो । त्यसको नेपालमा विरोध भएपछि नेपालस्थित चिनियाँ दूतावासले विज्ञप्ति निकालेर 'चीन र भारतको कुनै त्यस्तो सम्झौता भएको छैन' भनेको थियो । तर, नेपाली भूमिबाट भारतीय सेना हटाउन जुन कूटनीतिक राजनीतिक पहल हुनुपर्ने थियो, त्यो भएन । सार्वभौम संसद्बाट चुच्चे नक्शा पारित गरेपछि यो विवादले नयाँ रूप लियो । नेपाली भूभागलाई हामीले आफ्नो हो भनेर दाबी गरिरहँदा भारतले त्यसमा नेपालको दाबी पुग्दैन भनेर प्रतिक्रिया दिनुले उक्त क्षेत्र झन् विवादित बन्दै गएको छ ।

लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालको भूमि हो । नेपालसँग यथेष्ट प्रमाण र तथ्यहरू सुरक्षित छन् । सबैभन्दा महत्वपूर्ण प्रमाण अक्टरलोनी र अमरसिंहले हस्ताक्षर गरेको सन् १८१५ को नेपाल र इष्ट इन्डिया कम्पनीका बीचमा भएको 'युद्धविराम सम्झौता' हो । त्यसमा कालीतोप तथा डेढ सय जना मान्छेका लुगाकपडा र उनीहरूले प्रयोग गरेका व्यक्तिगत हातहतियार पनि नेपाल लैजान दिने गरी सम्झौता भयो । ती सामान लैजानका लागि अक्टरलोनीले खटाएको फौज शारदा क्षेत्रबाट नभएर अहिलेको विवादित कालापानीको पहाडी बाटोबाट लागेको थियो ।

सम्झौतामा भनिएको छ- 'महाकाली नदीको शिर कालीनदीमा पैताला टेकाएर पारि पट्टि चढाउनु, त्यहाँभन्दा उतापट्टि नेपाल भूभाग हो । आउँदाखेरि खुट्टाले पानी जहाँ कुल्चियो त्योसम्म भारत हो ।' कुमाउ र गढवाल सन् १८०१ को सिमाना सम्झौताले पनि नेपालको हो भन्नेमा इष्ट इन्डिया कम्पनीले हस्ताक्षर गरेको छ । सीमाविद् बुद्धिनारायण श्रेष्ठको पुस्तकमा उक्त सम्झौता प्रकाशित छ । सम्झौतामा स्पष्ट लेखिएको छ– 'त्यहाँभन्दा अगाडि गढवाल, कुमाउ नेपालको नियन्त्रणमा छ ।' यी प्रमाणहरूले हाम्रो सिमाना स्पष्ट पार्छन् । लिपुलेक र कालापानी हाम्रो हो भनेर भारतले दाबी गरेको एक दशक मात्रै भयो । त्योभन्दा पहिला उनीहरूले मानसरोवर जान प्रयोग गर्ने बाटो बेग्लै थियो । त्यो बुझाइमा चिनियाँहरूले व्यापारको कुरा त्यतिबेला गरेका हुनसक्छन् । तर अहिले भारतले त्यो बाटो बदलेर हाम्रो भूमि प्रवेश गऱ्यो । भारत मानसरोवरमा लाखौं भारतीय नेपालको बाटो भएर होइन, भारतबाट सीधै जाने अवस्था बनाउन चाहन्छ ।

सन् २०१९ (वि.सं. २०७७) मा भारतले त्यही नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर आफ्नो राजनीतिक नक्शा जारी गरेको थियो । त्यो बेला हालकै प्रधानमन्त्री ओली नेतृत्वको सरकार थियो । भारतले नेपाली भूमि समेटेर नक्शा जारी गरेपछि त्यो बेला सरकारले भारतलाई दोस्रो पटक 'कूटनीतिक नोट'मात्र होइन 'प्रोटेष्ट नोट' नै पठाएको थियो । नेपालले २०७७ जेठ ५ गते उक्त क्षेत्र समेटेर 'नयाँ प्रशासनिक नक्शा' जारी गऱ्यो । जेठ ३१ गते प्रतिनिधिसभाले सर्वसम्मतिबाट 'नयाँ चुच्चे नक्शा' समेटेको 'निसाना छाप' राखेर संविधान संशोधन गरेको थियो । नेपालको चुच्चे नक्शालाई भारत र चीनले मान्यता दिएका भए यो समस्याको विषय बन्ने थिएन । भारतद्वारा अतिक्रमित उक्त जमिनका विषयमा भारत मौन बस्नु उसको रणनीति होला, तर चीन पनि मौन बस्नुले समस्या बल्झियो । यद्यपि आज हाम्रो चुच्चे नक्शा कार्यान्वयन नभएर संविधानको पानामा रोइरहेको छ ।

नेपाल-भारत सम्बन्धलाई यो अवस्थामा पुऱ्याउने मुख्य पात्र केपी ओली नै हुन् । जसले कालापानीको सीमा विवाद समाधान नगरी ३० वर्ष अगाडि महाकाली सन्धि गर्न हतारिए । महाकाली सन्धि गर्नुभन्दा पहिले कालापानी सीमाको मुद्दा टुंग्याउन सचेत नागरिकहरूले आवाज नउठाएका होइनन् । तर, त्यो जनआवाज सुनिएन । ३० वर्ष अगाडि महाकाली सन्धि गर्दा सीमा विवाद समाधान गरेको भए, अहिले यो बल्झिने थिएन र पञ्चेश्वर परियोजना पनि सम्पन्न भइसक्ने थियो । तर, तत्कालीन सत्ता र प्रतिपक्षले महाकाली नदी भारतलाई सुम्पन हतार गर्दा आज यो अवस्था व्यहोर्नु परेको छ ।

राष्ट्रिय संप्रभुताको सिद्धान्तबाट हेर्दा हाम्रो जमिन हाम्रो नक्शामा राख्न भारतलाई सोध्नुपर्ने होइन । भारतले अखण्ड भारत भनेर नेपालको भाग सहितको नक्शा छाप्छ भने हामीले पनि नक्शा छाप्न सक्छौं । हाम्रो भूमिमा हाम्रा नागरिक छन्, हिजो हाम्रै मतदाता नामावली थियो । यो हाम्रो सार्वभौम अधिकार हो । त्यसैले नक्शा पास गर्दा जस्तै अब खोसिएको नेपाली भूमिमाथिको हक फिर्ता लिन पनि सबै एकताबद्ध हुनुपर्नेछ ।

यतिबेला चर्चा भए जस्तो लिपुलेक त्रिदेशीय बिन्दु होइन । त्रिदेशीय विन्दु प्रमाणित गराउने भारतको चाहना छ । त्रिदेशीय विन्दु भन्ने हो भने विरोधको अर्थ रहन्न । त्रिदेशीय विन्दु त्यसबाट करिब ५० किमि पश्चिम जोलिङकाङ हिमालमा पर्ने ६ हजार १८० मिटरको लिम्पियाधुराको टाकुरा भएको विभिन्न प्रमाणहरूले पुष्टि गरेको छ । कुटी नजिक रहेको कालोपानीको ताल नै कालापानी भएको नेपालको नक्शामा उल्लेख छ । त्यसको छेउमा कालीको मन्दिर समेत छ । महाकाली नदीको उद्गमस्थल पनि त्यहीं हो । भारतले अतिक्रमण गर्नुभन्दा पहिले नेपालको तिब्बत जाने बाटो पनि त्यही नै थियो ।

कुटी, नाबी, गुन्जी लगायत गाउँहरू अतिक्रमणपछि भारतले एकलौटी रूपमा नेपालको व्यास गाविस-१ स्थित तुलसी न्युराङमा नक्कली काली मन्दिर र सानो पोखरी बनाएर कालापानी नामकरण गरेको थियो । तुलसी न्युराङमा निर्मित नक्कली कालापानी छेउबाट बग्ने खोला कालापानी खोला होइन । व्यास ऋषि हिमशृंखलाको पश्चिमी भागमा अवस्थित लिपुलेक पानी ढलोको हिसाबले दक्षिणतर्फको सम्पूर्ण भाग नेपालको दार्चुला जिल्लाको व्यास गाउँपालिकामा पर्छ र उत्तरी भाग चीनको तिब्बतको ताक्लाकोट ।

लिपुलेक टाकुराको दक्षिण–पश्चिमी भन्ज्याङ नाका भारतीय अतिक्रमणपूर्व सन् १९६२ सम्म नेपालीले प्रयोग गर्थे । भारतले अतिक्रमणपछि गुन्जीहुँदै तुलसी न्युराङ (नक्कली कालापानी) भएर एकतर्फी र अवैध रूपमा यही नाका प्रयोग गरिरहेको थियो । अहिले आएर यस नाकामा चीनको समर्थनबाट भारतलाई ठूलो कूटनीतिक सफलता प्राप्त भएको छ । अर्कोतर्फ लिपुको दक्षिणपूर्वी भन्ज्याङ नाकाको प्रयोग सन् १९६३ देखि नेपालले गर्दै आएको छ । जसलाई स्थानीय भाषामा लिपुधुरा (लिपुलेक) भनिन्छ ।

जतिबेलासम्म कुमाउ नेपालको थियो, नेपाल एकीकृत थियो, कालीखोलाको बारेमा पनि समस्या थिएन । जब ब्रिटिशले हामीबाट कुमाउ र गढवाल खोस्यो, त्यसपछि समस्या आयो । भारतले गढवाल र कुमाउ लिने कुरै गलत हो । दुर्भाग्य भनौं सन् १९५० को सन्धिबाट हामीले त्यसलाई त्याग्यौं । एक दशकअघिसम्म त्यहाँ मन्दिर थियो, मन्दिरमा नेपाल थियो । पहिलाको परम्परागत मानसरोवर जाने बाटो काली नदीको पारिपट्टिको भीरबाट थियो भन्ने कुरा चिनियाँलाई नेपालका पदाधिकारीहरूले बताउन सकेका छैनन् । अहिले उनीहरू खोलाको वारिपट्टिबाट काली नदीको दाहिने पट्टिको हामीले बनाएको बाटोबाट गएर हामीले बनाएको कालीको मन्दिर क्याप्चर गरे । सन् १९६२ मा राजा महेन्द्रले मौखिक रूपमा 'अहिले त्यो प्रयोग गर्न दिनू' भने भन्ने भनाइ छ । काली नदीको पारिपट्टि कुमाउ हो र त्योभन्दा वारिपट्टि काली नदी सहित नेपाल हो भन्ने कुरा प्रमाणित छ ।

### निष्कर्ष

महाकाली नदी सीमा नदी र यसको मुहान लिम्पियाधुरा हो भन्ने कुरा ऐतिहासिक सन्धि-सम्झौता, नक्शा, पत्राचार, जनगणना र जलविज्ञान सम्बन्धी प्रमाणहरूले स्पष्ट गरेको छ । यो प्रामाणिक विषय हो, महाकाली नदीपूर्वका कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायत नेपालको अभिन्न भूभाग हो । हामीसँग यसको लालपुर्जा समेत छ । त्यसैले आफ्नो भूमिको रक्षाका लागि नेपालले भारत-चीन बीचको सहमतिलाई अस्वीकार गर्दै राष्ट्रियताको रक्षाका लागि जोडदार आवाज र दबाब दिनु जरूरी छ । हामीसँग सयौं प्रमाण हुँदाहुँदै दुई देशबीच सम्झौता हुनु नेपालको सार्वभौमसत्तामाथिको हस्तक्षेप हो ।

नेपाल द्वन्द्व चाहँदैन र हामीले द्वन्द्वको बाटो रोज्नु पनि हुँदैन । तर भारतले एकतर्फी प्रयोग गरेको र अहिले भारत र चीनले व्यापारिक प्रयोजनका लागि प्रयोग गर्ने सम्झौता गरेको नेपाली भूमिमा नेपालले आफ्नो हक स्थापित गर्दै सो जमिन फिर्ता लिनुपर्दछ । यसका लागि कूटनीतिक, राजनीतिक लगायत सम्पूर्ण पहल अघि बढाउनुपर्दछ । तसर्थ, सस्तो लोकप्रियताका लागि चुच्चे नक्शालाई राष्ट्रिय मुद्दा बनाइर हनुभन्दा समस्या समाधान गर्न नेपालले कूटनीतिक प्रयास थाल्नुपर्छ ।

पृथ्वीनारायण शाहले कूटनीतिक भाषामा भनेका थिए- 'नेपाल दुई ढुंगा बीचको तरुल हो' । त्यसैले नेपालले परिपक्व तरिकाले हाम्रा प्रमाण यी हुन् भनेर वार्ताबाट समस्या समाधान गर्ने गरी उच्चस्तरीय कूटनीतिक पहल गर्नुपर्दछ । त्यसरी समाधान नभए संसद्बाट सर्वसहमतिमा पारित गरी संविधानमा समेटिएको चुच्चे नक्शा सहितका 'भारतले प्रयोग गरेको यो जमिन हाम्रो हो, हाम्रा प्रमाण यी हुन्' भनेर हामीसँग भएका प्रमाण लिएर संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय न्यायालय जानुपर्दछ ।

*(साभार: अनलाइनखबर)*

# समय, स्रष्टा र रचना

✍ डा. अमर गिरी

स्रष्टाले आफ्नो रचनामा आफू बाँचेको समयलाई अभिव्यक्ति दिन्छ । स्रष्टाका रचनामा अतीत र भविष्य पनि बोल्छन् तर वर्तमानसँग जोडिएर । समयलाई अभिव्यक्ति दिनु त्यसका उज्याला-अँध्यारा, आशा-निराशा, सुख-दुःख, घात-प्रतिघात, स्वप्न-सैर्षलाई अभिव्यक्ति दिनु हो । मनुष्य जीवन, समाजका समग्र पक्ष र क्रियाकलापसँग जोडिएरै समयले अर्थ ग्रहण गर्छ । मनुष्यले नै समयलाई अर्थ प्रदान गर्छ । मनुष्यविना समयको अर्थ अनुभवका दृष्टिले शून्य रहन्छ । समयको प्रयोग साहित्यमा मनुष्यको पर्यायका रूपमा हुन्छ ।

साहित्यमा समय बोल्छ भन्नु मनुष्य बोल्छ भन्नु हो । मनुष्य बोल्छ भन्नु उसका यावत् पक्ष बोल्छन् भन्नु हो । साहित्यमा घडीको सुई र टिकटिक आवाज मात्र होइन समय । मानिसको अस्तित्व, चेतना, जीवनबोध, अनुभूति, संवेदना, स्मृति, क्षणभङ्गुरता, सैर्ष आदिको रूपकका रूपमा समय साहित्यमा आउँछ । भौतिक दृष्टिमा समयलाई घटनाको क्रमबद्धता, एउटा विन्दुबाट अर्को विन्दुको दूरी एवं गतिशीलताको रूपमा हेरिन्छ, तर साहित्यमा यो अर्थ अपर्याप्त हुन्छ । विशुद्ध भौतिक दृष्टिमा समय मनुष्यविना पनि अस्तित्वमा रहन्छ । साहित्य र दर्शनमा यस्तो हुँदैन । चेतना र अनुभूतिविना यसलाई परिभाषित गर्न कठिन हुन्छ । समयसँग स्रष्टाको सम्बन्धको चरित्र एउटै छैन । फरक-फरक ढङ्गले स्रष्टाका रचनामा समयले अभिव्यक्ति पाएको छ । यो भिन्नता हामी संज्ञान, विचार, संवेदना, अनुभव, यथार्थको प्रतिविम्बन, प्रतिविम्बनको तरिका, संरचना आदिमा पनि पाउँछौं । समयको सिर्जनात्मक अभिव्यञ्जनामा यिनले सबैभन्दा बढी अर्थ राख्छन् ।

मनुष्य समाज र त्यसको भित्री-बाहिरी संसारबाट स्रष्टाको बोध, विचार, संवेदना, अनुभव र अभिव्यक्ति प्रभावित हुन्छन् । यसबाट स्रष्टाको निजत्वको निर्माण हुन्छ । एउटा स्रष्टा अर्को स्रष्टाबाट भिन्न देखिन्छ । समयप्रतिको सरोकार र गम्भीरता सबै स्रष्टामा समान पाइँदैन । कोही चरम व्यक्तिवादको सिकार बन्छन्, कोही सत्ता पूजक हुन्छन् ।

कोही निराशा र विसङ्गतिले आक्रान्त पाइन्छन्ह कोही अराजकता, घृणा र विद्वेष ओकल्छन् । कोही स्वप्न, सैर्ष र परिवर्तनको विरोध गर्छन्ह कोही आफू बाँचेको समयदेखि बेखबर हुन्छन् । आफ्नो समयलाई अभिव्यक्ति दिएर मनुष्यको अग्रगामी यात्रालाई सघाउने स्रष्टाका रचनामा समयको सजीव प्रतिविम्बन पाइन्छ । त्यसले हाम्रो फदय र मस्तिष्कलाई स्पर्श गर्छ । तीबाटै हामीले ऊर्जा प्राप्त गर्छौं र अघिल्तिर प्रस्थान गर्छौं । अतीत र वर्तमान दुवैको यथार्थ हो यो ।

साहित्यमा समयको प्रतिविम्बन त्यसको उर्ध्वगामी चरित्रको जीवन्त अभिव्यञ्जनामै सार्थक हुन्छ । जीवन्त अभिव्यञ्जना स्रष्टा आफ्नो समयसँग जोडिँदाह त्यसका अन्तर्विरोध र द्वन्द्वलाई ठिक ढङ्गले ठम्याउन सक्दाह सिर्जनाका सामाजिक, सौन्दर्यपरक अभीष्टका बारेमा स्पष्ट हुँदा एवं पक्षधरता, प्रतिबद्धता र अग्रगामी विचारलाई ग्रहण गर्न सक्दा मात्र हुन सक्छ ।

गहिरो मानवीय संवेदना, मानवताको पक्षपोषण, विभेदको आलोचना, समतापूर्ण समाजको निर्माणको चाहना, अँध्यारोका विरुद्ध उभिने साहस, मनुष्यप्रतिको गहिरो प्रेम, उसको आभ्यान्तरिक संसारको सूक्ष्म अवलोकन र त्यसको कलात्मक अभिव्यञ्जनाले स्रष्टालाई स्रष्टा जस्तो बनाउँछन् । आफ्नो समयमाथि सार्थक हस्तक्षेप गर्न सक्ने स्रष्टाका रचना नै जीवन्त हुन्छन् । उनीहरूका रचनामै समय जीवन्त ढङ्गले बोल्छ ।

क्रमशः पृष्ठ-३...

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ १६ गते सोमबार १ सेप्टेम्बर २०२५ । नवमी, भाद्र कृष्णपक्ष । ञलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:४३, सूर्यास्त ६:२३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोकांक्षा सिद्धि हुनेछ | तुला | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| वृष | : गरेको कार्यमा सफलता मिल्नेछ | वृश्चिक | : योजना कार्यान्वयन हुनेछ |
| मिथुन | : नयाँ कार्ययोजना बन्नेछ | धनु | : व्यापार राम्रो चल्नेछ |
| कर्कट | : आकस्मिक लाभ हुनेछ | मकर | : मीठो खाने अवसर मिल्नेछ |
| सिंह | : राम्रो अवसर गुम्नेछ | कुम्भ | : घर परिवारमा मेलमिलाप हुनेछ |
| कन्या | : खर्च र दुःख बढ्नेछ | मीन | : मनमा शङ्का बढ्नेछ |

# सेक्युरिटी र आउटसोर्सिङमा ७० हजार श्रमिक, सुविधा कार्यान्वयनमा चुनौती



काठमाडौं/नेपालमा सुरक्षा (सेक्युरिटी) र आउटसोर्सिङ क्षेत्रमा ७० हजारभन्दा बढी श्रमिक कार्यरत छन् । तर, उनीहरूले पाउनुपर्ने सेवा सुविधा कार्यान्वयनमा भने चुनौती कायम छ । श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा दर्ता भएका ४ सयभन्दा बढी कम्पनी मार्फत कार्यरत यी श्रमिकमध्ये करिब ४५ हजार सामाजिक सुरक्षा कोषमा आबद्ध छन् । बाँकी अझै कोषको पहुँच बाहिर छन् ।

श्रम विभागका प्रवक्ता मणिनाथ गोपका अनुसार सरकारको राजपत्र सूचना अनुसार सुरक्षा सेवा, व्यावसायिक सहयोग, सहजकारी सेवा र घरेलु श्रमिक गरी चार प्रकारमा वर्गीकरण गरिएको छ । 'पहिला अनौपचारिक रूपमा चलिरहेको यो क्षेत्र दर्ता, नवीकरण र सामाजिक सुरक्षामा आबद्धतासँगै क्रमश: औपचारिकतामा आएको छ,' उनले भने ।

तर, समस्याको मूल जड भनेको सार्वजनिक खरिद ऐनको बहाना देखाएर सरकारी निकायले न्यूनतम पारिश्रमिक भन्दा कम दरमा टेन्डर निकाल्नु हो । 'रोजगार दाताले नै कम पैसामा सम्झौता गर्ने भएपछि श्रमिकले पाउनुपर्ने सुविधा पाउँदैनन्,' गोपले भने, 'यस्तोमा हामीले त्यस्ता सम्झौता रद्द गरिदिन्छौं ।'

निजी क्षेत्रमा श्रमिकका हकमा कानुन अनुसार सेवा सुविधा उपलब्ध गराउन सहज छ । तर, सरकारी क्षेत्रबाट भने चुनौतीको विषय बन्दै गएको छ । नेपाल टेलिकम, विद्युत् प्राधिकरण, बैंकजस्ता क्षेत्रमा श्रम ऐनभन्दा पनि सार्वजनिक खरिद ऐन अनुसार श्रमिक आपूर्ति गर्ने गरेका छन् । जसले गर्दा श्रमिकहरू न्यूनमत सेवा सुविधामा काम गर्न बाध्य हुने गरेका छन् ।

विभागले श्रम ऐन अनुसार मात्रै श्रमिक राख्नुपर्ने व्यवस्था कडाइसाथ कार्यान्वयन चरणमा लगिरहेको प्रवक्ता गोपको भनाइ छ । विभागले विगत वर्षहरूमा गैर कानुनी रूपमा सञ्चालन हुने कम्पनीलाई जरिबाना गरेको र सामाजिक सुरक्षा कोषमा नलगाइएका श्रमिकका घटनाले कम्पनीलाई बाध्य तुल्याएको विभाग प्रवक्ता गोपले बताए ।

पछिल्लो समय कम्पनीहरू कोषमा आबद्ध हुने क्रम बढ्दो छ । केही वर्षअघि कोषमा आबद्ध भएर श्रमिकको नियमित योगदान नगर्ने कम्पनीको श्रमिकको मृत्यु भएको थियो । त्यसपछि कोषबाट पाउनुपर्ने सुविधा कम्पनीले नै बेहोर्नुपर्ने भन्दै ४० लाख रुपैयाँ जरिबाना कोषले गराएको थियो । त्यसपछि कम्पनीहरू धमाधम कोषमा आबद्ध हुँदै आएको गोपको भनाइ छ ।

'२०७६/७७ बाट सामाजिक सुरक्षा कोषमा आबद्धता सुरु भयो । पहिलो वर्ष १० करोड रुपैयाँ सामाजिक सुरक्षा कोषमा रकम जम्मा भयो । दोस्रो वर्ष बढेर ४४ करोड पुग्यो,' गोपले भने, 'तेस्रो वर्ष ८८ करोड पुग्यो । चौथो वर्ष १ अर्ब २५ करोड पुग्यो । गत आर्थिक वर्ष १ अर्ब ७१ करोड पुग्यो ।'

चालु आवदेखि श्रमिकको न्यूनतम पारिश्रमिक मासिक १९ हजार ५ यस ५० रुपैयाँ तोकिएको छ । तर, सुरक्षा तथा आउटसोर्सिङ क्षेत्रमा काम गर्ने श्रमिकका हकमा अन्य सेवा सुविधा समेत थप गरिएको हुन्छ । विभागले श्रमिक आपूर्तिकर्ता मार्फत आपूर्ति हुने श्रमिकको न्यूनमत पारिश्रमिक, सेवा सुविधाको दर निकाल्ने गरेको छ । सोही अनुसार कार्यान्वयका लागि कम्पनीहरूलाई पठाउने गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन २०७४ को दफा १०६ बमोजिम १ साउन २०८२ देखि लागु हुने गरी न्यूनतम पारिश्रमिक सार्वजनिक गरेको थियो । सोही अनुसार विभागले न्यूनतम पारिश्रमिक तथा श्रम ऐन २०७४, नियमावली २०७५ बमोजिम पाउनुपर्ने थप सेवा सुविधा सहित दर कायम गरेको हो ।

विभागले कायम गरेको दर अनुसार दैनिक ८ घण्टा काम गर्ने श्रमिकलाई २४ हजार १ सय ६८ रुपैयाँ ३७ पैसा दिनुपर्ने हुन्छ । सार्वजनिक र साप्ताहिक बिदाका दिनमा समेत काम गर्ने श्रमिकको हकमा २७ हजार ७ सय ३७ रुपैयाँ ४८ पैसा तोकिएको छ । तर, उक्त रकम कम भएको श्रमिकहरूको गुनासो छ । आउटसोर्सिङ श्रमिक संगठन नेपालका अध्यक्ष नारायणप्रसाद खरेलले दैनिक ८ घण्टा काम गर्ने श्रमिकका हकमा २५ हजार ७ सय ८९ रुपैयाँ ३० पैसा तलब दिनुपर्ने बताए ।

त्यस्तै सार्वजनिक र साप्ताहिक बिदाका दिनमा समेत काम गर्ने श्रमिकका हकमा २९ हजार ३ सय ५८ रुपैयाँ ३८ पैसा दिनुपर्ने खरेलको भनाइ छ । श्रमिकका तर्फबाट किरिया बिदा, प्रसूति बिदा, सुत्केरी स्याहार खर्च र पोसाक खर्चजस्ता आधारभूत सुविधा सुनिश्चित हुनुपर्ने माग उनीहरूको छ । 'हामीले श्रम विभागमा निवेदन दिएको वर्षौं भयो, तर कार्यान्वयन गर्न आनाकानी भइरहेको छ,' अध्यक्ष खरेलले भने, 'श्रमिकले पाउनुपर्ने न्यूनतम पारिश्रमिक समेत कटौती गरेर २७ हजारभन्दा कम देखाइन्छ, जबकि हाम्रो ब्रेकडाउन अनुसार श्रमिकले २९ हजारभन्दा बढी पाउनुपर्छ ।'

खरेलले सार्वजनिक खरिद ऐनका नाममा श्रम ऐन कार्यान्वयन नगर्नु अन्याय भएको भन्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरिएको जानकारी दिए । 'यो खरिद ऐन वस्तुको मूल्यका लागि हो, श्रमिकको हकका लागि होइन,' उनले भने, 'तर, राज्यले यसलाई श्रमिकमा लागु गरेर श्रम ऐनको आत्मालाई नै कमजोर बनाइरहेको छ ।'

श्रमिक संगठन र विभागबीचको तर्कवितर्कबीच पनि सुरक्षा र आउटसोर्सिङ क्षेत्रको औपचारिकीकरण भइरहेको छ । श्रम ऐनमा किटान गरिएका बुँदा कार्यान्वयनमा लैजानुपर्ने माग गर्दै आफूहरू पटकरूपटक विभागमा गएको खरेलको भनाइ छ ।

उनका अनुसार श्रम ऐनले चार वटा खर्च दिएको छ । किरिया बिदा र प्रसूति बिदा बापत रकम, सुत्केरी स्याहार खर्च र पोसाक खर्च दिनुपर्छ । 'सुरक्षाकर्मीका लागि पोसाक अनिवार्य हुनुपर्छ । यो विषय राज्यले कार्यान्वयन गर्न नचाहँदा हामी श्रमिक न्यूनतम पारिश्रमिक पाउन वञ्चित भएका छौं,' उनले भने । श्रमिकले पाउने सुविधा कार्यान्वयनमा राज्य अनिच्छुक देखिएको र त्यसविरुद्ध आफूहरू लागिरहेको उनको भनाइ छ । आफूहरूले श्रमिकका हकमा खरिद ऐन नभई श्रम ऐन लागु हुनुपर्ने बताउँदै आएको तर सरकारी कार्यालयमा खरिद ऐन अनुसार वस्तु खरिद गरे झैं श्रमिकलाई किन्ने काम भइरहेको अध्यक्ष खरेलको गुनासो छ ।

'वस्तु किनबेच गर्न प्रयोग हुने खरिद ऐन हो । वस्तु खरिद गर्दा प्रयोग गर्ने खरिद ऐन श्रमिकका हकमा त लागु गर्नुभएन । यो त श्रम ऐन लागु गर्नुपर्छ भनेर हामीले सार्वजनिक खरिद अनुगमन इकाइलाई पनि विपक्षी बनाएर अदालतमा मुद्दा हालेका छौं,' अध्यक्ष खरेलले भने । श्रम ऐन अनुसार श्रमिकका हक अधिकार कार्यान्वयनमा राज्य कमजोर देखिएको उनको आरोप छ ।

*(स्रोत: अनलाइनखबर)*

## समय, स्रष्टा...

हाम्रा निम्ति देवकोटा, रिमाल, हृदयचन्द्र सिंह प्रधान, भूपि, विकल, विजय मल्ल, वासु शशी, युद्धप्रसाद मिश्र, पारिजात, श्यामप्रसाद शर्मा आदि आफू बाँचेको समयमाथि सार्थक कलात्मक हस्तक्षेप गर्न सकेकै कारण प्रिय छन् । उनीहरूका रचनामा उनीहरू बाँचेको समयका उज्याला-अँध्यारा पक्ष मात्र बोल्दैनन्ह स्वतन्त्रता, समानता, सामाजिक न्याय, मानवीय गरिमा, सौन्दर्य र जीवनका सुखदु:ख, राग-विराग, आँसु-हाँसो, स्वप्न, सैर्ष पनि बोल्छन् । समयको कलात्मक अभिव्यञ्जना उनीहरूका रचनामा पाइन्छ । समयलाई उनीहरूले गहिरो मानवीय संवेदना, बोध, विचार, अनुभव र सूक्ष्म कलादृष्टिसहित अभिव्यक्ति दिएका छन् ।

आफू बाँचेको समयलाई अभिव्यक्ति दिने स्रष्टा आफ्नो भूगोलमा मात्र सीमित रहँदैनन् । ती भूगोलको सीमा नाघ्छन् र विश्व चियाउँछन् । त्यससँग संवाद गर्छन् र रचनामा अभिव्यक्ति दिन्छन् । उनीहरू देश हेरेर मात्र दुख्दैनन्, विश्व हेरेर पनि दुख्छन् । उनीहरूलाई सिङ्गो विश्व आफ्नो आवासजस्तो लाग्छ । त्यसका सुख-दु:ख आफ्नै सुख-दु:खजस्ता लाग्छन् । अँध्यारो देख्दा आक्रोश जन्मन्छ, उज्यालोले खुसी बनाउँछ । अन्यायले आगो जन्माउँछ, न्यायले आश्वस्त तुल्याउँछ । विश्वमा पाइने विभेद, गरिबी, अन्याय, स्वतन्त्रता एवं समानताको अपहरण साहित्यमा बोल्न थाल्छ । साहित्य अन्यायपूर्ण युद्धको विरोध, हातहतियारको होडबाजीको आलोचना र न्यायका निम्ति सैर्ष गर्नेहरूमाथिको दमनको प्रतिवाद गर्न थाल्छ । विजय मल्लको 'यस धर्तीको पानीमा', भूपि शेरचनको 'हो-चि-मिन्हलाई चिठी', वासु शशीको 'बीसौं शताब्दीको गीत', इच्छुकको 'प्यालेस्टाइनी मित्रहरूको नाममा' र 'बेन्जामिन मोलाइसाको सम्झना' आदिजस्ता कविता यसका उदाहरण हुन् । अन्य नेपाली साहित्यकारका रचनामा पनि वैश्विक सरोकार पाइन्छ । सरोकारले कवितामा मात्र नभएर साहित्यका अन्य विधामा पनि अभिव्यक्ति पाएको छ । समकालीन नेपाली साहित्यको एक महत्त्वपूर्ण विशेषता वैश्विक चेतना पनि हो । समकालीन स्रष्टाको वैश्विक सरोकार असमानता, अन्याय, गरिबी, जातिभेद, रङ्गभेद, अतिवाद, पर्यावरण विनाश, हातहतियारको होडबाजी, अन्यायपूर्ण युद्ध, नरसंहार, नवऔपनिवेशिक एवं साम्राज्यवादी उत्पीडन आदिको विरोध, कुरूपको अन्त्य एवं सुन्दरको स्थापनासँग जोडिएको छ ।

हामी कठिन समयमा छौं । समयलाई कठिन मनुष्यले नै बनाउँछ । हामीले भोग्दै गरेको कठिन समय आम मानिसद्वारा निर्मित कठिन समय होइन । सत्ता र शक्तिमा र हनेहरूले समयलाई कठिन बनाएका छन् । मनुष्यले इतिहासका विभिन्न कालखण्डमा गम्भीर कठिनाइको सामना गऱ्यो र तीसँग सैर्ष गर्दै अघि बढ्यो । मनुष्यको यात्रा सहज र सरल कहिल्यै रहेन । अँध्यारोसँग सैर्ष गर्दै मनुष्य यहाँसम्म आइपुगेको हो । आज मनुष्यका अगाडि अझ बढी चुनौती छन् । अतिवाद मौलाउँदै छह फासीवाद नयाँ ढङ्गले विकसित हुँदै छह लोकप्रियतावाद फस्टाएको छह असमानताको खाडल फराकिलो भएको छह हातहतियार को होडबाजी बढेको छह लोकतन्त्र र धर्मनिरपेक्षताले अर्थ गुमाउँदै छन्ह पर्यावरण विनाश बढेको छह अन्यायपूर्ण युद्ध, बर्बरता, नरसंहार का कहालीलाग्दा दृश्य हाम्रा अगाडि छन्ह 'जसको लट्ठी उसैको भैंसी' भन्ने उखान आजको विश्वको पनि यथार्थ हो । शब्दहरू कमजोर बन्दै छन् । मार्गरेट एटवुड यसतर्फ सङ्केत गर्दै आजकल शब्दहरूले खतरा महसुस गर्दै छन् भन्छिन् । प्रतिरोध चेतनाका स्रष्टा लेखेकै कारण मारिएका छन्, कारागारमा कैदी छन् र निर्वासित भएका छन्, बोल्न-लेख्न प्रतिबन्ध लगाइएको छ । स्रष्टा मात्र होइन, पत्रकार, वकिल, प्राध्यापक आदि पनि प्रताडित छन् । जोसे सारामागो संसार शक्ति, लोभ र मानवताको कमीका कारण विवेकहीन र अन्धो हुँदै गएको छ भन्छन् । सत्ता र पुँजी अझबढी मानवताविरोधी हुँदै गएको समय हो यो । यिनका अगाडि विवेक आज जस्तो कमजोर सम्भवत: यसअघि कहिल्यै थिएन । शासनसत्ता निर्वाचित जनप्रतिनिधिले होइन, थोरै पुँजीपति, व्यापारी र दलालले चलाउँछन् । कुर्सीमा कोही निर्वाचित बसेर के हुन्छ र ? शासनसत्ताको वास्तविक साँचो अर्कैको हातमा भएपछि ।

संसार राजनीतिक ढोँग र पाखण्डले ग्रस्त छ भन्ने ह्यारोल्ड पिन्टरको भनाइ मलाई निकै मर्मस्पर्शी लाग्छ । लोकतन्त्रका नाममा पाखण्ड, मानवताका नाममा पाखण्ड, मानवीय संवेदनाका नाममा पाखण्ड, जनताका नाममा पाखण्ड । हाम्रा अगाडि पाखण्डै पाखण्ड छ र हामीलाई यही नै सत्य हो कि जस्तो लाग्छ । हामी आफ्नै माटोलाई हेरौं, हामी पाखण्डले राज गरिरहेको समयमा छौं । एउटा भन्नु अर्को गर्नु, जनता सर्वोपरि हुन् भन्नु तर व्यवहारमा उल्टो गर्नु नै त पाखण्ड हो । धोकाको पर्याय हो पाखण्ड, यही त छ हाम्रा अगाडि । यसैलाई भोगिर हेछौं हामी र घाइते छौं । हाम्रा आवाज बेवास्ताका सिकार छन् । स्वतन्त्रता, समानता, सामाजिक न्याय, मानवीय गरिमा र सौन्दर्य मर्दै छन् । संसारमा उज्यालो पनि त छ, यो अघिल्तिर नै बढिरहेछ, कतै यस्तो विश्लेषण एकपाखे त हुँदैन भन्ने लाग्न सक्छ । ठिक हो, संसार अघिल्तिर बढिरहेछ । संसारमा अँध्यारो मात्र होइन, उज्यालो पनि छ । यसको गीत पनि गाउन सकिन्छ, गाउनुपर्छ तर आजको यथार्थ ह्यारोल्ड पिन्टर, जोसे सारामागो र मार्गरेट एडवुडका शब्दमा बोल्छन्ह पुँजीपति, व्यापारी, शक्ति र सम्पत्तिका लोभी एवं आलोचनात्मक विवेक सकिएकाहरूको भाषामा होइन ।

आजको कुरूप यथार्थप्रति हामी जति आलोचनात्मक हुनुपर्ने हो छैनौं, विश्व छैन । अक्षरको प्रतिरोध मात्र होइन, सडकको प्रतिरोध पनि कम छ । प्रतिरोध व्यापक र बलियो हुनुपर्थ्यो, परिणाम निस्कने गरी विरोधका आवाज पोखिनुपर्थ्यो तर यथार्थ त्यस्तो छैन । प्यालेस्टाइनलाई हेरौं, गहिरा पीडा छन् त्यससँग । नरसंहार चलिरहेको छ, भूमि अतिक्रमण बढिरहेको छ । भोकले, कुपोषणले, रोगले, सन्तापले, बमले, गोलीले मर्दै र मारिँदै गरेका मानिसका चित्र हाम्रा अघिल्तिर छन् । रुस-युक्रेन युद्धले निर्माण गरेको त्रासदी छ हाम्रा अगाडि । अशोक बाजपेयीका शब्दमा भनु भनें प्यालेस्टाइनीहरूमाथिको इजरायली अत्याचारले दोस्रो विश्वयुद्धमा नाजीहरूद्वारा प्रदर्शित क्रूरतालाई पनि बिर्साएको छ । हामीले यस यथार्थलाई साहित्यमा कति अभिव्यक्ति दिएका छौं ? संसार कति बोलेको छ हाम्रो साहित्यमा ? गाजा मानवताका पक्षमा बोल्न र नरसंहार का विरुद्धमा उभिन आह्वान गरिरहेछ तर स्रष्टाहरू बोल्नुपर्ने जति बोलेको पाइँदैन, रुस-युक्रेन युद्ध दुख्नुपर्ने जति दुखेको देखिँदैन । प्रतिवाद भएको छ तर अपर्याप्त । लोकतन्त्र, मानवता, मानवीय संवेदना र गरिमाको सबैभन्दा बढी कुरा गर्नेहरू नै मुस्लिम आतङ्कवादका नाममा सोझो-घुमाउरो नरसंहारलाई सघाइरहेका छन् ।

सोच्छु– सामान्य प्यालेस्टाइनी जनता, अबोध बालबालिका, गृहिणी र वृद्धहरू कसरी आतङ्कवादी हुन सक्छन् ? आफ्नो भूमिबाट निर्वासित गर्ने अधिकार कसलाई छ ? आफ्नो देश र पहिचान खोज्नु, सभ्यता र संस्कृतिलाई जोगाउन चाहनु, शान्ति र न्यायका पक्षमा उभिनु र आफ्नो इतिहास स्मरण गर्नु आतङ्कवादी हुनु हो र ? हमासका नाममा गरिएको नरसंहारलाई उचित ठहऱ्याउन सकिन्छ र ? आतङ्कवाद पनि त्यसै जन्मिएको होइन नि ! आधिपत्यको चाहनाह स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको अतिक्रमणह संसारलाई आफ्नो औंलामा नचाउने प्रवृत्तिह अन्य सभ्यता र संस्कृतिप्रतिको चरम असहिष्णुता र सांस्कृतिक वर्चस्वको विस्तार 'आतङ्कवाद'को जन्मको आधार र प्रेरक रहेका छन् । बाहिरको कुरालाई एकछिन बिर्सौं, हामी नेपाली स्रष्टालाई नै प्यालेस्टाइन त्यति दुखेजस्तो लाग्दैन । धेरै हामी मौन छौं । बर्बरताप्रतिको मौनता छक्कलाग्दो छ । सायद पश्चिमी भाष्यबाट हामी पनि प्रभावित छौं । सायद हाम्रा आँखामा हमास र 'प्रोक्सी युद्ध' लड्नेहरू मात्र छन् । हाम्रो मात्र होइन, संसारकै मौनता छक्कलाग्दो लाग्छ मलाई । सोच्छु– मौन रहनु पनि अरुन्धती रोयका शब्दमा बर्बरतालाई सघाउनु हो । प्यालेस्टाइनमा भएको नरसंहारकै सन्दर्भमा उनले भनेको कुरा हो यो । प्यालेस्टाइनमाथि इजरायली सत्ताले जे गरिरहेछ, त्यो मानवताका विरुद्धमा छ । यस्तो बर्बरता र क्रूरता इतिहासमा कमै पाइन्छ भन्ने लाग्छ मलाई ।

टोनी मोरिसिन संसारमा अझै पनि विभेद देखिन्छ र इतिहास अँध्यारोको घाउ बोकेर बाँचेको छ भन्छिन् । यस्तो यथार्थका बिच मनुष्यलाई मनुष्यत्वबाट च्युत गर्ने, उसलाई आत्ममुग्ध र आत्मकेन्द्रित मनुष्यमा रूपान्तरित गर्ने, श्रम र सिर्जनामा विश्वास होइन कामुक र खन्चुवा बनाउने उत्सव चलिरहेछ । हाम्रा अगाडि सूचना, प्रविधि र बजारको विशाल जालो छ । ती मानिसलाई मानिस होइन वस्तु बनाउने सामग्री पस्किरहेछन् । सञ्चारको मायावी संसारमा प्रवेश गरेपछि मेरा आँखामा अर्कै मनुष्यको चित्र आउँछ– आत्ममुग्ध, गाउँदै-नाच्दै-खाँदै गरेको मनुष्यको चित्र । सामाजिक सञ्जाल अझ अगाडि छन् यसमा । यस्तो लाग्छ– संसारमा दु:ख छैन, अन्याय र उत्पीडन छैन, जे छ सब ठिक छ, सबै ठिकठाक चलिरहेछ । मनुष्यको बन्दै गरेको यो छवि साँच्चिकै डरलाग्दो लाग्छ मलाई । उपभोक्तावादी पर्यावरणले आम मानिसलाई मात्र होइन, स्रष्टाहरूलाई पनि प्रभावित गरिरहेछ ।

आत्मकेन्द्रित, आत्ममुग्ध र उपभोक्तावादी बन्दै गएको मनुष्यका निम्ति मानवता महत्त्वपूर्ण हुँदैनह स्वतन्त्रता, समानता, सामाजिक न्याय र मानवीय गरिमाले ठुलो अर्थ राख्दैनन् । मानवताका विरुद्धमा उभिने सत्ताहरू यस्तै मनुष्य चाहन्छन् । पुँजीले चाहने मनुष्य पनि यस्तै हो । पुँजीको एउटा चरित्र युद्ध, बर्बरता र वर्चस्व पनि हो । आजको यस कुरूप यथार्थबाट हाम्रो कलम पनि कम-बेसी प्रभावित छ ।

कुरूपको प्रतिवादका निम्ति वामपन्थी भइराख्नपर्दैन, केही नभएर पनि प्रतिवाद गर्न सकिन्छ । आफ्नो माटो र बाहिरका लेख्नुपर्ने धेरै विषय छन् हामीसँग । साहित्यमा समयको प्रतिविम्बनको अर्थ यी सबैबारे बोल्नु हो । चिनुवा अचिबेले भनेजस्तै संसार अझै पनि असमानता र अन्यायबाट मुक्त छैन । हाम्रो मुलुक पनि यसको अपवाद छैन ।

*(साभार: रातोपाटी)*

# 'क्लासिक'पछि लभस्टोरी फिल्ममा फर्किए दिनेश, घोषणा गरे 'कुमारी'



काठमाडौं/लभस्टोरी फिल्म निर्देशनमा अब्बल मानिएका दिनेश राउत ८ वर्षपछि आफ्नै जनरामा फर्किएका छन् । यो बीचमा सामाजिक कथामा 'प्रसाद', 'पुजार सार्की' जस्ता फिल्म बनाएका उनले अब लभस्टोरी फिल्म 'कुमारी' बनाउन लागेका हुन् । शुक्रबार साँझ काठमाडौंको टुँडिखेलमा एक सांगीतिक कार्यक्रमका बीच पोस्टर सार्वजनिक गर्दै यस फिल्मको निर्माण घोषणा गरियो ।

उक्त कार्यक्रममा निर्देशक राउतले फिल्मका मुख्य जोडीलाई पनि दर्शकमाझ चिनाए । यसमा अबिसेक खड्का र आकृति राज भण्डारीको मुख्य भूमिका रहनेछ । अबिसेकले यसअघि फिल्म 'बेहुली फ्रम मेघौली'मा अभिनय गरेका थिए । आकृति भने चर्चित गीत 'बार्दली'की मोडल हुन् । फिल्मको पोस्टरमा दुवैलाई प्रेमिल मुद्रामा देख्न सकिन्छ ।

फिल्मको घोषणा कार्यक्रममा गायक केहर सिंह लिम्बू र उनको ब्यान्ड 'केहर एन्ड द लुङ्गा'ले सांगीतिक प्रस्तुति दिएको थियो । गायक लिम्बूले यही फिल्मबाट पार्श्व गायनमा डेब्यु गर्दैछन् । कार्यक्रममा उनले फिल्मका लागि तयार पारेको गीत 'कहाँ छौ' प्रस्तुत गरेका थिए । उनले गाएको 'लजालु आँखामा डुबेकी यसरी' गीत दर्शकमाझ सर्वाधिक चर्चित छ ।

'आइ एम सरी'बाट निर्देशकीय यात्रा सुरु गरेका निर्देशक राउत 'नोभेम्बर रेन' र 'क्लासिक' जस्ता सफल प्रेमकथामा आधारित फिल्मका लागि चिनिन्छन् । दर्शकको चाहनाअनुसार आफू फेरि प्रेमकथामा फर्किएको उनले बताए । उनका अनुसार 'कुमारी' निर्माणको योजना 'पुजार सार्की'भन्दा अगाडिको भए पनि विविध कारणले अहिले छायांकन गर्न लागिएको हो ।

यो फिल्मको निर्माणमा बिनिश इन्टरटेन्मेन्टले पिक्चर फ्रेमसँग सहकार्य गरेको छ । यसका निर्माता महेन्द्र अधिकारी हुन् । उनले यसअघि 'प्रकाश' बनाएका थिए । विकास सुवेदीको कथा रहेको फिल्ममा अबिसेक र आकृतिबाहेक घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने लगायतको पनि अभिनय रहनेछ ।

यसै हप्तादेखि काठमाडौंमा छायांकन सुरु हुने फिल्ममा सुसन प्रजापतिको छायांकन, सुप्रिम पराजुलीको रङ्ग संयोजन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, किरण थापाको कोरियोग्राफी, केहर सिंह लिम्बू, सुमन तामाङ र प्रशान्त सिवाकोटीको संगीत तथा सागर लामिछाने मगर, सुमन तामाङ र युवराज काफ्लेको गीत रचना रहनेछ ।

# ब्लड मनीको कथामा बनेको 'कोशेढुंगा'लाई सकारात्मक प्रतिक्रिया



काठमाडौं/फिल्म 'कोशेढुंगा'ले सकारात्मक प्रतिक्रिया पाएको छ । शुक्रबार रिलिज भएको फिल्मले राम्रो प्रतिक्रिया पाएको निर्माताको भनाइ छ । 'जति पनि दर्शकले चलचित्र हेर्नु भएको छ, एकदम राम्रो भनिरहनुभएको छ । मन छुने चलचित्र भन्नुभएको छ' निर्देशक सरोज पौडेलले भने, 'जति शो पाएको छ, दुवै दिन उच्च अकुपेन्सीमा चलिरहेको छ ।'

उनले क्रमश: अकुपेन्सी बढ्दै गएको बताए । 'शनिबारबाट वर्ड अफ माउथका कारण कोशेढुंगा हाउसफूल हुने पक्का देखिएको छ' उनले भने, 'हामी समीक्षात्मक रूपमा दर्शकबाट सफल भइसक्यौं, अब त्यही अनुसार हलमा दर्शकको पनि साथ रहनेमा ढुक्क छौं ।'

बुधबार गरिएको प्रिमियरमा पनि यो फिल्मले प्रशंसा बटुलेको थियो । ब्लड मनी (क्षतिपूर्ति रकम)को कथा उठान गरेको फिल्मले प्रिमियरमा हरेक नेपालीको घरघरको कथा लिएर 'कोशेढुंगा' आएको भन्दै तारिफ पाएको थियो । यस्तै प्रतिक्रिया हलबाट पनि आएको निर्देशक पौडेलले बताए ।

नरदेवी फिल्मसको प्रस्तुति रहेको फिल्ममा सुरक्षा पन्त, मन्जिल कुमार, आर्यन सिक्देल, ऋचा शर्मा, नीति शाह, प्रवीण खतिवडा, सरोज खनाल, विशाल पहाडी, लोकमणि सापकोटा, हिउवाला गौतम, सिर्जना अधिकारी, शेखर चापागाई, दिनेश काफ्ले, सिरु विष्ट, स्नेहा जोशी, सुबलमणि सापकोटा, सविता रेग्मीलगायतको अभिनय छ ।

निर्मातामा प्रेविल कँडेल र किशोर अनुराग छन् । कार्यकारी निर्माता दिनेश खड्का हुन् । बाबु श्रेष्ठले छायांकन गरेको फिल्मलाई सुरेन्द्र पौडेलले सम्पादन गरेका छन् । गीतमा रिदम कँडेल र आशिष अविरलको संगीत छ । यो फिल्मलाई सेभेन सिज इन्टरटेनमेन्टले अन्तर्राष्ट्रिय बजारमा रिलिज गरेको छ ।

# कात्तिक २७ मा 'शिवांश' प्रदर्शन हुने

काठमाडौं/सन्तोष कुमार आत्रेयको निर्देशनमा बनेको फिल्म 'शिवांश' आगामी कात्तिक २७ गतेबाट प्रदर्शनमा आउने भएको छ । शुक्रबार फिल्मका निर्माताले एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी दिएका हुन् । पोस्टरमा कैलाश पर्वततर्फ जाँदै गरेका महादेव (शिव) र साँढेको प्रतीकात्मक तस्वीर देखिन्छ । यसले धार्मिक कथावस्तुमा फिल्म बनेको संकेत गर्छ ।

पोखरा आसपासमा छायांकन गरिएको 'शिवांश'मा प्रवीण खतिवडा, तेज गिरी र रुषा न्यौपाको मुख्य भूमिका रहेको छ भने विकास जोशी, विमला लिम्बू, प्रदीपकुमार चौधरी, सबिर चुरौटे, उदयकुमार सुब्बा, टीका निरौला लगायतले पनि अभिनय गरेका छन् ।

अञ्जान सिनेमा प्रोडक्सन हाउसको प्रस्तुति रहेको फिल्मको कथा निर्माता अञ्जान केसीले लेखेका हुन् । पटकथा बारत लिम्बूको छ । यसमा स्क्रिप्ट डक्टरको काम सुलक्षण भारतीले गरेका छन् । शम्भू थापा कार्यकारी निर्माता रहेको फिल्मको सह-निर्माताहरू शोभा भण्डारी र अनिस केसी बोगटी हुन् ।

यतिबेला चलचित्र चौतारीमा पोस्ट प्रोडक्सनको काम भइरहेको यो फिल्ममा सरद महतो डीओपी, विप्लव प्रतीक र राजनराज शिवाकोटीको गीत रचना, न्हुयू बज्राचार्य र राजनराज शिवाकोटीको संगीत, मिलन श्रेष्ठको द्वन्द्व निर्देशन, विक्रम चोहानको कोरियोग्राफी तथा विराज खड्काको भीएफएक्स रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### सहकारी ऐन संशोधन गर्ने प्रदेश सरकारको तयारी

# बचतकर्ताको रकम सुरक्षित गर्न सरकार गम्भीर: मन्त्री रायमाझी

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ बागमती प्रदेश सरकारले प्रदेश सहकारी ऐन संशोधनको प्रक्रिया थालेको छ । ऐन संशोधनको लागि सहकारी मन्त्रालयका दुई महाशाखा प्रमुख सदस्य र कानुन अधिकृत सदस्यसचिव रहने गरी उच्चस्तरीय समिति गठन गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कानुन प्रतिनिधि एक-एकजना समितिको सदस्य रहने गरी मस्यौदा समिति गठन गरिएको छ । सहकारी समस्या समाधान तथा व्यवस्थापन गर्न कानुनी समस्या देखिएपछि संशोधनको तयारी थालिएको सहकारी तथा गरिबी निवारणमन्त्री बिनु रायमाझीले बताइन् । प्रदेशमा रहेका तीन हजार भन्दा बढी सहकारीमा देखिएका समस्या समाधान र व्यवस्थापन गर्न ऐन संशोधन गर्नुपरेको हो । समितिले मुख्य गरी संघीय सहकारी ऐनसँग बाझिएका वा संशोधन गर्नुपर्ने विषय पहिचान गरी समायोजनका लागि सिफारिस गर्ने र हालको ऐन कार्यान्वयनमा देखिएका व्यावहारिक कठिनाइ र समस्याको पहिचान गरी सुधारका लागि आवश्यक सुझाव दिने मन्त्रालयले जनाएको छ ।




संशोधन प्रक्रियालाई समावेशी बनाउन स्थानीय तह, सहकारी महासंघ र सातै प्रदेशका सम्बन्धित मन्त्रीहरुसँग समेत रायसुझाव लिने मन्त्रालयले तयारी गरेको । समितिले प्रारम्भिक मस्यौदा तयार गरेपछि तीनचरणमा सुझाव संकलन गरिने छ । पहिलोचरणमा प्रदेशका सबै नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका प्रमुख, प्रशासकीय अधिकृत र सहकारी शाखा हेर्ने अधिकारीसँग कार्यशाला गरी सुझाव लिनेछ भने दोस्रो चरणमा जिल्ला तथा प्रदेशस्तरीय सहकारी महासंघका अध्यक्ष तथा प्रतिनिधिहरूसँग छलफल गरी उनीहरूका अनुभव र सुझाव संकलन गरिनेछ ।

तेस्रो चरणमा सहकारी मन्त्रीको संयोजकत्वमा सातै प्रदेशका सहकारी हेर्ने मन्त्रीसँग बृहत् छलफल गरी मस्यौदालाई थप परिस्कृत बनाइने छ । सबै पक्षबाट प्राप्त सुझाव र विज्ञको रायसमेत समेटेर मसौदालाई अन्तिम रुप दिइने छ । चालु आर्थिक वर्षका सहकारी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक कार्यविधि निर्माणको काम अन्तिमचरणमा पुगेको र कार्यान्वयनको चरणमा अग्रसर रहेको मन्त्रालयले जनाएको छ । यसैबीच प्रदेशकी सहकारी तथा गरिबी निवारण मन्त्री बिनु रायमाझीले समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालयसँगको अन्तरक्रियामा शीघ्र कार्यसम्पादन गरेर सहकारीका पीडितलाई न्याय दिनुपर्ने बताएकी छिन् ।

उनले समस्याग्रस्त सहकारीको छानबीन प्रक्रियालाई तीव्रता दिएर बचतकर्तालाई तत्काल न्याय दिनुपर्ने बताएकी हुन् । मन्त्री रायमाझीले पीडित बचतकर्तालाई न्याय दिलाउन कानुनी कारबाही सहित अघि बढ्न निर्देशन दिइन् । सहकारी क्षेत्रमा देखिएका विकृतिलाई अन्त्य गर्न र बचतकर्ताको रकम सुरक्षित गर्न सरकार गम्भीर रहेको उनको भनाई छ । समस्याग्रस्त सहकारीको छानबीनलाई कानुनी आधारमा थप व्यवस्थित गर्न सहकारी ऐनमा समयानुकूल संशोधनको तयारी सुरु गरिएको मन्त्री रायमाझीले बताइन् ।

'विद्यमान कानुनी अपर्याप्ततालाई सम्बोधन गर्दै सहकारी क्षेत्रमा सुशासन कायम गर्न ऐन संशोधन आवश्यक छ । यसले छानबीन प्रक्रियालाई मात्र नभई समग्र सहकारी क्षेत्रको नियमनलाई पनि बलियो बनाउनेछ, उनले भनिन्, । सहकारी समस्याबाट अत्यावश्यक र पीडित बचतकर्ताको समस्यालाई प्राथमिकतामा राखेर समाधान खोजिने मन्त्री रायमाझीको भनाई छ ।

उनका अनुसार समस्याको प्रकृति र गम्भीरता हेरी पीडितलाई राहत प्रदान गर्न पहल गरिने छ । साना र दैनिक गुजारा चलाउनसमेत कठिनाइ झेलिरहेका बचतकर्ता सरकारको प्राथमिकतामा रहेको उनले बताइन् । आफ्नो कार्यकालमा सकेसम्म धेरै सहकारीसम्बन्धी समस्यालाई निष्कर्षमा पुऱ्याउने र पीडितलाई न्यायको अनुभूति गराउने दृढता मन्त्री रायमाझीले व्यक्त गरिन् ।

### मन्त्री थापाले मानवसेवा आश्रममा जन्मदिन मनाए

# 'आश्रमका बिरामीलाई हेटौंडा अस्पतालले नि:शुल्क उपचार गराउँछ'



साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापा मगरले आफ्ना कोही नभएका नागरिकको लागि प्रदेश सरकार भएको बताएका छन् ।

शनिबार आफ्नो जन्मदिनको अवसरमा हेटौंडाको मानवसेवा आश्रममा रहेका अनाथ, असहाय र परिवार विहीनको सेवा गर्न पुगेका मन्त्री थापाले राज्य सबैको संरक्षक भएको बताए । 'जसको कोही छैन, त्यसको लागि हामी छौं, प्रदेश सरकार छ, वागमती प्रदेश सरकारले त्यसको लागि व्यवस्थापन गर्दै छ', उनले भने । स्वास्थ्य मन्त्रालयले यसवर्ष बजेट बनाउँदा आश्रममा आश्रित रहेकाको स्वास्थ्य बीमाको रकम सरकाले नै तिरिदिने व्यवस्था गरेको उनले जानकारी गराए ।

उनले धर्म गर्न मन्दिरमा गइरहनु नपर्ने बताउँदै सबैभन्दा ठुलो धर्म मानवसेवा भएको बताए । 'भगवानको मन्दिरमा गएर दर्शन गर्दैमा हामीलाई धर्म हुने होइन, मानवको सेवा गर्न सक्यो भने सबैभन्दा ठुलो र पुण्य काम यही हो', उनले बताए । मानवसेवा आश्रमले मानवीय काम गरेको भन्दै मन्त्री थापाले प्रशंसा गरे । आश्रितहरुको खानपान, आवास, स्वास्थ्य, सरसफाइ जस्ता काम गरेर मानवसेवा आश्रमले ईश्वरीय काम गरेको उनले बताए । मन्त्री थापाले आश्रमलाई व्यवस्थित गर्नको लागि कम्तिमा सरकारको तर्फबाट खानाको व्यवस्थापनका लागि सेवादिने प्रतिबद्धता पनि व्यक्त गरे ।

मानवसेवा आश्रमका बिरामीलाई वागमती प्रदेशको हेटौंडा अस्पतालले नि:शुल्क उपचार गराउने थापाले जानकारी गराए । उनले हेटौंडा अस्पताल मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत सञ्चालन भएपछि स्वास्थ्य सेवामा व्यापक सुधार आएको पनि बताए । हेटौंडा अस्पतालको नामाकरण कहिल्यै पनि परिवर्तन नहुने बताउँदै मन्त्री थापाले प्रदेश सरकारले कुनै पनि इतिहास मर्न नदिने स्पष्ट पारे । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रदेश सरकारले गौरवको आयोजनाको रुपमा अघि बढाएको बताउँदै त्यसको प्राक्टिकल गर्नको लागि प्रतिष्ठान मार्फत् हेटौंडा अस्पताल सञ्चालन गरिएको मन्त्री थापाले जानकारी दिए ।

उनले प्रतिष्ठानमार्फत् हेटौंडामा एमडीको पढाइ सुरु भएको जानकारी दिए । '८ वटा कोटा प्राप्त भएर एमडी पढाइ सुरु भएको छ, एमबिबिएसको ५० वटा कोटा प्राप्त भएर पढाइ सुरु हुँदैछ, केही महिना पछाडि हेटौंडा अस्पतालमा अब एमबिबिएसको पनि पढाइ सुरु हुँदैछ, त्यसैगरी अहिले ब्याचलर लेबलमा विभिन्न विषयमा ३ सय ५८ जनाको पढाइ सुरु भइरहेको छ, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र हेटौंडा अस्पताल नजोडिएको भए यो अवस्था हुने थिएन', उनले बताए । मन्त्री थापाले जन्मदिनको अवसरमा आश्रमका आश्रितलाई बिहानको खाना खुवाए ।

# संघीयताप्रतिको वितृष्णा चिर्न नैतिकशिक्षा जरुरी: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले पछिल्लो समय नैतिकशिक्षाको महत्व बढ्दै गएको बताएका छन् ।

संघीयताप्रति देखिएको नकारात्मक भाष्यलाई चिर्न नैतिकशिक्षा जरुरी देखिएको उनको भनाई छ । नेपाल स्काउट, बागमती प्रदेश स्काउट, महेन्द्र मावि र स्थानीय स्काउट हेटौंडा-१३ को संयुक्त आयोजनामा सुरु भएको ५ दिने स्काउट ओ-रामा फेष्टिवल क्याम्प २०८२ कार्यक्रममा मुख्यमन्त्री बानियाँले स्थानीय सरकारको पाठ्यक्रममा नैतिक शिक्षालाई पनि समावेश गर्नुपर्नेमा जोड दिए । नकारात्मक कुरालाई सामाजिक सञ्जालमार्फत् अफवाह फैलाउने गतिविधि समाजमा बढ्दै गइरहेको उनले बताए ।

मुख्यमन्त्री बानियाँले समाजलाई गतिशील र प्रगतिशील बनाउन अहिलेको व्यवस्था ल्याएको जिकिर गरे । उनले लामो संघर्षबाट प्राप्त भएको व्यवस्थाप्रति गलत भ्रम फैलाउनेहरुलाई धैर्यवान भएर परिणामबाट जवाफ दिनुपर्ने बताए । नयाँ पुस्तामा व्यवस्थाप्रति रहेको वितृष्णालाई चिर्ने जिम्मेवारी नेतृत्ववर्गको भएको उनको भनाई छ । मुख्यमन्त्री बानियाँले संघीयता आइसकेपछि पदमपोखरीको स्वरुप नै फेरिएको बताए । आजको पदमपोखरी विगतको जस्तो नभएको उनले बताए । प्रदेश राजधानीलाई व्यवस्थित र विश्वासनीय बनाउन पनि पदमपोखरीले भूमिका खेल्नेमा उनले विश्वास व्यक्त गरे । स्काउट ओ-रामा फेष्टिवल क्याम्प भाद्र १७ गतेसम्म चल्ने छ । कार्यक्रममा युवा तथा खेलकुद मन्त्री उर्मिला नेपाल, नेकपा एमाले बागमती प्रदेशका प्रमुखसचेतक एकालाल श्रेष्ठ, बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तान, हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।

### मकवानपुरे पत्रकारिता क्षेत्रमा चुनौती थपिँदै छ: सञ्चारकर्मी

# राज्यका निकायसँग नझुकी र नजुधी पत्रकारिता गर्नुपर्नेमा जोड

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ पछिल्लो समयमा मकवानपुरको पत्रकारिता क्षेत्रमा चुनौती थपिदै गएकोमा सञ्चारकर्मीले चिन्ता व्यक्त गरेका छन् ।

शनिबार पत्रकार महासंघ मकवानपुरको कार्यसमिति, महासंघका पूर्वअध्यक्ष, पत्रकार आबद्ध संगठनका अध्यक्षबीच भएको छलफल कार्यक्रममा पत्रकारहरुले चिन्ता व्यक्त गरेका हुन् । सञ्चार क्षेत्रलाई राज्यको चौथो अङ्ग भनिएपनि व्यवहारमा भने नदेखिएको उनीहरुले बताएका छन् । राज्यको प्रशासनिक निकायमा सहजै समाचार संकलनको वातावरण नबनेको उनीहरुले बताएका छन् । कार्यक्रममा महासंघका पूर्वअध्यक्ष भानुभक्त आचार्यले विगतको तुलनामा सञ्चार क्षेत्रमा अहिले धेरै अवसर रहेपनि चुनौती पनि उत्तिकै रहेको बताए । जिल्ला प्रशासनलगायत सरकारी निकायमा समाचार संकलनको सहज वातावरण नभएको उनले बताए ।




पछिल्लो समय सञ्चारकर्मीहरुमा अल्छीपना देखिएको आचार्यको भनाई छ । समाचार कपी पेस्ट गर्ने परिपार्टीलाई भने अन्त्य गर्नुपर्नेमा पूर्वअध्यक्ष आचार्यले जोड दिए । उनले सदस्यता नवीकरणमा महासंघले स्पष्ट मापदण्ड बनाउनुपर्ने बताए । आफ्नो सदस्यता नरहँदा पनि आफूलाई पत्रकारिता गर्न कसैले रोक्न नसक्ने उनको भनाई छ । त्यसैगरी महासंघका पूर्वअध्यक्ष राममणि दाहालले राज्यका विभिन्न तहमा बसेका नेतृत्वनै सञ्चारकर्मीलाई नकारात्मक नजरले हेर्ने गरेको बताए । बिना प्रसंग सञ्चारकर्मीलाई गाली गर्ने गरेको उनले बताए ।

महासंघ बागमती प्रदेश उपाध्यक्ष हरि हुमागाईले सञ्चारकर्मी कै गतिविधिको कारण सञ्चारकर्मी माथि प्रश्न उठेको जिकिर गरे । निष्पक्ष ढंगले पत्रकारिता गर्न उनले सुझाव दिए । आफूले विगतमा २ महिना मात्र नपुग्दा महासंघको सदस्यता नपाएको स्मरण गर्दै मापदण्ड पूरा भएकालाई मात्र सदस्यता दिनुपर्ने उनले बताए । पार्टीगत आस्थाको आधारमा सदस्य दिन नहुने उनले बताए । यसैगरी वरिष्ठ पत्रकार एवम् महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्टले पञ्चायतकालदेखि नै सञ्चारकर्मी माथि चुनौती रहेको बताए ।

चुनौतीको सामना गर्दै अवसरको सदुपयोग गर्नुपर्नेमा उनले जोड दिए । प्रशासनिक निकायसँग जुध्न र झुक्न पनि नहुने उनको भनाई छ । विष्टले सामाजिक सञ्जालको कारण सञ्चारक्षेत्रमा चुनौती थपिएको बताए । नियत सफा भए सदस्यता नवीकरण र वितरणमा समस्या नआउने उनको भनाई छ । महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रेस चौतारी मकवानपुरकी अध्यक्ष सरिता दाहाल, प्रेस युनियनका अध्यक्ष सुवास बिडारी, प्रेस सेन्टरका अध्यक्ष एमपी शर्मा, समाजवादी प्रेस संगठनका अध्यक्ष गोविन्द न्यौपाने लगायत महासंघका पदाधिकारी र कार्यसमिति सदस्यले आफ्नो धारणा राखेका थिए ।

# ९ पालिकामा ९ वटा कृषि उपज बजारकेन्द्र निर्माण गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/ बागमती प्रदेशले ९ वटा पालिकामा ९ वटा कृषिउपज बजार केन्द्र निर्माण गर्ने भएको छ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले पालिकाको साझेदारीमा सूचना प्रविधिमा आधारित कृषिउपज बजार केन्द्र स्थापना गर्न लागेको हो ।

पालिकास्तरमा कृषि उत्पादनको बजारीकरण गर्ने उद्देश्यका साथ पहिलोचरणमा प्रदेशका ९ वटा स्थानीय तहमा कृषिउपज बजार केन्द्र स्थापना हुन लागेको हो । चालु आव २०८२/८३ मा दोलखाको भीमेश्वर नगरपालिका, सिन्धुलीको गोलन्जोर गाउँपालिका, सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका र चितवनको माडी नगरपालिकामा कृषिउपज बजार केन्द्र स्थापना गरिनेछ । धादिङको थाक्रे गाउँपालिका, ललितपुरको बागमती गाउँपालिका, रामेछापको मन्थली नगरपालिका, काठमाडौंको नागार्जुन नगरपालिका र शंखरापुर नगरपालिकामा पहिलोचरणमा कृषिउपज बजार केन्द्र स्थापना गर्ने मन्त्रालयले जनाएको छ ।

कृषिउपज बजार केन्द्रमा चारवटा आधारभूत विषय अनिवार्य रहने मन्त्रालयका प्रवक्ता सुजन कँडेलले बताए । केन्द्रहरुमा सूचनाप्रविधिमा आधारित प्रणाली अनिवार्य रहनेछ । प्रत्येक केन्द्रमा एक चिस्यान केन्द्र र विषादि अवशेष परीक्षण प्रयोगशाला अनिवार्य रहनेछ । कृषिउपज ढुवानीका लागि कृषि एम्बुलेन्स, ढुवानी सवारी साधनको व्यवस्था गरिनेछ । नौ वटा पालिकामा केन्द्र स्थापनाका लागि चालु आवमा ९ करोड रुपैयाँ बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ । कार्यक्रममा स्थानीय तहको ३० प्रतिशत लागत र बाँकी प्रदेशको सशर्त अनुदान बजेट समावेश गरिने मन्त्रालयले जनाएको छ । कार्यक्रमले कृषिउपज बजारीकरण समस्या समाधान हुने मन्त्रालयको अपेक्षा छ । कार्यक्रमका लागि हाल मन्त्रालयले कार्यविधि निर्माण गरी प्रक्रियामा रहेको जनाएको छ ।

# ११ बुँदे अरनिको घोषणापत्र जारी

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाको आयोजनामा शुक्रवारदेखि सुरु भएको ३६ औ जिल्ला जुनियर युवा रेडक्रस गोष्ठी शनिवार सम्पन्न भएको छ ।

जुनियर रेडक्रस सर्कल अरनिको मावि, हेटौंडा-१९ को आतिथ्यतामा आयोजित गोष्ठी ११ बुँदे अरनिको घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाका उपमन्त्री तथा जिल्ला जुनियर युवा समितिका संयोजक शिवहरि दाहालको अध्यक्षतामा शुक्रवार भएको कार्यक्रमको उद्घाटन रेडक्रस मकवानपुरका सभापति लालबहादुर थापाले गरेका हुन् । गोष्ठीमा मकवानपुरका ६५ वटा सामुदायिक तथा संस्थागत विद्यालय एवम् समुदायस्तरमा गठित जुनियर, युवा रेडक्रस सर्कलका प्रतिनिधि तथा शिक्षक नायक गरी ३ सय जनाको सहभागिता रहेको थियो ।

गोष्ठीमा जुनियर युवा सर्कलको गरेको वार्षिक कार्यक्रमको समीक्षा गरी २०८२/८३ को वार्षिक कार्ययोजना निर्माण, हाजिरीजबाफ प्रतियोगिता, रेडक्रसका आधारभूत ७ सिद्धान्तको नाटक प्रदर्शन गर्दै नेतृत्व विकास, रेडक्रस अभियान र विपद व्यवस्थापनको कार्यशालाको आयोजना गरिएको रेडक्रस मकवानपुरका उपमन्त्री दाहालले जानकारी दिए । गोष्ठीले ३७ औ जिल्ला जुनियर/युवा रेडक्रस गोष्ठी जनकल्याण मावि पालुङको आतिथ्यमा २०८३ सालमा आयोजना गर्ने निर्णय गर्दै जनकल्याण माविका शिक्षकनायक मनोज लामिछानेलाई रेडक्रसको झन्डा हस्तान्तरण गरेको छ । २०८३ को जिल्लास्तरीय शिक्षकनायक गोष्ठी जनता मावि सुकौरा र जिल्लास्तरीय प्रधानाध्यापक गोष्ठी आधुनिक राष्ट्रिय मावि, हेटौंडामा आयोजना गर्नेगरी बार्षिक कार्ययोजना निर्माण गरेको छ ।

समापन कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१९ का वडाअध्यक्ष नरनाथ सुबेदी, अरनिको मावि ब्यवस्थापन समिति अध्यक्ष गान्धी घलान, नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाका उपसभापति यशोदा श्रेष्ठ, मन्त्री सुमित्रा काफ्ले, उपकोषाध्यक्ष मंगल रखाल, सदस्यहरु रामजी सापकोटा, पिताम्बर बास्तोला, पूर्वउपसभापति उमेश बास्कोटा, कार्यालयप्रमुख लक्ष्मण भट्टराइलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# ट्रकको लागि अनुमति प्रक्रियाको शुल्क सस्तो बनाउन आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १४ भदौ/नेपाल ट्रक यातायात व्यवसायी महासंघले ट्रकको लागि अनुमति प्रक्रियाको शुल्क सस्तो बनाउन बागमती प्रदेश सरकारसँग आग्रह गरेको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ, श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापा र सहकारी तथा गरिबी निवारण मन्त्री बिनु रायमाझी पौडेललाई यस्तो आग्रह गरेको हो । बागमतीमा नवनियुक्त मुख्यमन्त्री र मन्त्रीहरुलाई भेट्न पुगेको महासंघका अध्यक्ष हीरालाल श्रेष्ठको नेतृत्वको टोलीले सफल कार्यकालका लागि शुभकामना दिँदै ट्रकलाई दिने अनुमति सस्तो बनाउँदा प्रदेशको राजस्व बढ्ने बताएको छ । शुल्क सस्तो भएका प्रदेशमा व्यवसायी आकर्षित भइरहेको टोलीले जानकारी दिएको छ ।

महासंघले यातायात मन्त्री थापालाई संघीयता लागू भएपछि पनि कतिपय ट्रकका नम्बर अझै अञ्चलगत प्रणालीअनुसार रहेकाले त्यसलाई प्रदेशगत प्रणालीमा रुपान्तरण गर्न पनि आग्रह गरेको छ । महासंघका महासचिव राजेन्द्र बिक्रम बानियाँका अनुसार महासंघले ट्रक परमिट लिनका लागि प्रदेश अनुसार फरकफरक करदरले व्यवसायमा समस्या आएको बताएको छ । व्यवसायीका अनुसार मधेश प्रदेशमा ट्रक नेपाल भर संचालनको लागि परमिट लिन १० हजार रुपैयाँ तिरे पुग्छ, बागमती प्रदेशमा १५ हजार रुपैयाँ तिर्नुपर्छ ।

धेरै ट्रक बागमती प्रदेशमा चल्छन् । तर, व्यवसायीहरु शुल्क सस्तो भएका प्रदेशतर्फ आकर्षित हुँदा बागमती प्रदेशको राजस्वमा कमी आएको छ । यसबारेमा मुख्यमन्त्री बानियाँले समस्या छिट्टै समाधान गर्ने आश्वासन दिएको महासचिव बाँनियाले बताए । महासंघले ट्रक तथा यातायात क्षेत्रसँग सम्बन्धित कतिपय कानुन संशोधन गर्नुपर्ने माग पनि राखेको छ । यसबारे मुख्यमन्त्री बानियाँले विस्तृत छलफलपछि आवश्यक प्रक्रिया अघि बढाइने प्रतिबद्धता जनाएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना